का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ भदौ २०८१,
आइतबार
18 August, 2024
Sunday
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १८७ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

सत्तारुढभित्रै फरक मत

बीआरआई, डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवाद, भ्रष्टाचारको अनुसन्धानमा ५ वर्षे हदम्यादलगायत संसदमा विचाराधीन कतिपय विषयमा नेपाली कांग्रेस र नेकपा एमालेबीच एकमत हुन नसकिरहेका बेला शीर्ष नेताद्वय केपी शर्मा ओली र शेरबहादुर देउवाबीच भेटवार्ता भएको हो ।

> शनिबार नेपाली कांग्रेसका सभापति, पूर्वप्रधानमन्त्री, मेरा मित्र शेरबहादुर देउवाजीसँग कुराकानी भयो । केही जानकारी आदानप्रदान, केही राजनीतिक विमर्श भए । सरकारले गरिरहेका र गर्नुपर्ने कामका विषयमा पनि कुरा भए ।
>
> ■ **केपी शर्मा ओली**
> प्रधानमन्त्री

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १ भदौ ।

शनिबार दिउँसो प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति देउवा भेटवार्ता भएको छ ।

भेटपछि प्रधानमन्त्री ओलीले सामाजिक सञ्जाल फेसबुकमा फोटो सार्वजनिक गर्दै केही जानकारी आदानप्रदान र केही राजनीतिक विमर्श भएको बताएका छन् । 'आज शनिबार, नेपाली कांग्रेसका सभापति, पूर्वप्रधानमन्त्री, मेरा मित्र शेरबहादुर देउवाजीसँग कुराकानी भयो । केही जानकारी आदानप्रदान, केही राजनीतिक विमर्श भए । सरकारले गरिरहेका र गर्नुपर्ने कामका विषयमा पनि कुरा भए ।'

नेताहरूका अनुसार सरकार संचालन गर्दा प्रधानमन्त्री ओलीले कम सल्लाह लिएको भनेर कांग्रेसभित्र कतिपयले आशंका गरेका छन् । सरकारले हालै एक सय जना कामदार पठाउन नसकेका तीन सय भन्दा बढी म्यानपावरको इजाजत पत्र नवीकरण गरेको छ । सरकारको यो निर्णयमा संसदीय समितिमा कांग्रेसका सांसदहरूले नै प्रश्न उठाएका थिए ।

शुक्रबार बसेको प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा नेपाली कांग्रेसकी सांसद कान्तिका सेजुवालले प्रश्न गरेकी थिइन्, 'श्रमिकलाई दु:ख दिने कम्पनीको नवीकरण किन गर्ने ? फ्ुटको खेती गर्नेहरूलाई सरकारले किन संरक्षण गर्ने ?'

कांग्रेसकै सांसद राजु थापाले पनि वैदेशिक रोजगारीमा नाममा ठग्ने म्यानपावर व्यवसायीको नवीकरण गर्दा

»» पृष्ठ २ मा

बाढीपहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण, खोला उत्खनन् र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं,
- बस्ती तथा समुदायको रक्षा गरौं,
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।

बाढीपहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मनसुनजन्य विपद्

६९ दिनमा १८१ जनाको मृत्यु

शिव विक/मध्यान्ह
काठमाडौं, १ भदौ ।

यस वर्षको मनसुन सुरु भएयता बाढी, पहिरो लगायतका विपद्मा परी हालसम्म १८१ जनाको मृत्यु भएको छ । नेपाल प्रहरीका अनुसार अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्मा परी शनिबार दिउँसोसम्म १ सय ८१ जनाको मृत्यु भएको हो ।

मनसुनजन्य विपद्को ६९ दिनमा १८१ जनाको मृत्यु भएको हो । काठमाडौं उपत्यकामा ३ जनाको मृत्यु भएको छ ।

कोशी प्रदेशमा २७ जना, मधेश प्रदेशमा ८ जना, बागमती प्रदेशमा ३२ जनाले ज्यान गुमाएका छन् । गण्डकी प्रदेशमा ५५ जना, लुम्बिनी प्रदेशमा ३५ जना, कर्णाली प्रदेशमा १० जना र सुदूरपश्चिम प्रदेशमा ११ जना गरी जम्मा १ सय ८१ जनाको मृत्यु भएको हो ।

काठमाडौं उपत्यकामा ११ जना, कोशी प्रदेशमा ३८ जना, मधेश प्रदेशमा ११ जना, बागमती प्रदेशमा २३ जना घाइते भएका छन् ।

गण्डकी प्रदेशमा ४६ जना, लुम्बिनी प्रदेशमा १५ जना, कर्णाली प्रदेशमा ५७ जना र सुदूरपश्चिम प्रदेशमा २८ जना गरी जम्मा २ सय २९ जना घाइते भएका छन् । घाइतेहरूको उपचारको लागि स्थानीय अस्पतालमा भएको छ ।

काठमाडौं उपत्यकामा २८ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जनाको जनाको उद्दार गरिएको छ । लुम्बिनी प्रदेशमा ३ जना, कर्णाली प्रदेशमा २ जना र सुदूरपश्चिम प्रदेशमा ५ जना गरी जम्मा १ सय १३ जनाको उद्दार गरिएको छ ।

> नेपाल प्रहरीका अनुसार मनसुनजन्य विपद्को ६९ दिनको अवधिमा विपद्का घटनाबाट ४ हजार ६ सय ८९ घर परिवार विस्थापित भएका छन् ।

बाढी पहिरोमा परी कोशी प्रदेशमा ३ जना, मधेश प्रदेशमा १ जना, बागमती प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा २ जना वेपत्ता भएका छन् । लुम्बिनी प्रदेशमा १ जना, कर्णाली प्रदेशमा १ जना र सुदूरपश्चिम प्रदेशमा १ जना गरी ५० जना वेपत्ता भएका छन् । वेपत्ताको खोजी कार्य जारी छ ।

बाढीको कारण जम्मा ३ सय ८४ घर डुबानमा परेका छन् । ३ सय १० वटा

»» पृष्ठ २ मा

जलवायु परिवर्तनको असर

हिमताल फुटेर थामेमा बाढी

भावना पाठक/मध्यान्ह
काठमाडौं, १ भदौ ।

जलवायु परिवर्तनको असर नेपालको हिमाली क्षेत्रमा देखा पर्न थालेको मौसमविद्हरू बताउँछन् । शुक्रबार सोलुखुम्बुको थामे क्षेत्रमा गएको बाढीको कारण दुई वटा हिमताल फुट्नुले जलवायु परिवर्तनको असरलाई पुष्टि गरेको मौसमविद्हरू बताउँछन् ।

सोलुखुम्बुको दुधकोशीको सहायक खोला थामेमा शुक्रबार दिउँसो बाढी गएको थियो । बाढीले खुम्बु पासाङल्हामू गाउँपालिका वडा नं. ५ मा पर्ने पर्यटकीय गाउँ थामे नराम्ररी प्रभावित भएको छ । प्रहरीका अनुसार बाढीले थामेका २० वटा घरहरु, दुई वटा होस्टेल, एक विद्यालय भवन र एक क्लिनिक बगाएको छ । थामेमा बाढी आउनुको कारण हिमताल फुट्नु रहेको प्रमुख जिल्ला अधिकारी देवी पाण्डे बताउँछिन् ।

> जल तथा मौमस विज्ञान विभागले जलवायु परिवर्तन र बढ्दो तापक्रमका कारण सोलुखुम्बुको थामेभन्दा माथिपट्टिका दुई वटा हिमताल विस्फोट भएको बताएको छ ।

शनिबार क्षतिग्रस्त थामे क्षेत्रमा रक्षामन्त्री मानवीर राई र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलसहितको टोलीले हवाई निरीक्षण गरेको थियो । निरीक्षणपछि दुई वटा हिमताल फुटेकाले बाढी आएको पुष्टि भएको हो ।

जोखिममा रहेका भनिएका हिमताल जोगाउन सक्ने सम्भावना कम रहेको विपद् व्यवस्थापन समितिले जनाएको छ । थामेभन्दा माथिपट्टि पाँच वटा हिमताल रहेका छन् । शुक्रबार दुई वटा विस्फोटपछि बाढी आएको तथा

»» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

ऐन संशोधन नभए अब सय संख्याले कति म्यानपावर फालिएलान् ?

मध्यान्ह संवाददाता
काठमाडौं, १ भदौ

संघीय संसदको चालु अधिवेशन कहिलेसम्म सञ्चालन होला ? वैदेशिक रोजगार क्षेत्रमा खासै सरोकार नराखिने संसदको अधिवेशन अब भने दिनगन्तीको विषय बन्ने देखिएको छ । कारण हो, संसदमा दर्ता भइ करिब १५ महिनादेखि अगाडि बढ्न नसकेको वैदेशिक रोजगार ऐन २०६४ समेत संशोधनको प्रावधान समेटिएका केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक ।

यस पटक मन्त्रिपरिषद्ले आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ गरी लगातार दुई वर्षसम्म वार्षिक सय जना नेपालीलाई वैदेशिक रोजगारमा पठाउन नसकेका इजाजतपत्र संस्थाको इजाजतपत्र आ.व. २०८१/०८२ का लागि नवीकरण गराउन आएमा अन्तिम एक पटकका लागि नवीकरण गरिदिने गरी बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने निर्णय गरेको छ ।

१५ महिनाअघि दर्ता भएको नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक आगामी ११ महिनाभित्र पारित भएन भने आगामी वर्ष ठूलो संख्यामा म्यानपावर कम्पनी नवीकरणबाट बञ्चित हुनेछन् । यसअघिका बाधा अड्काउ फुकाउ आदेशमा अन्तिम एक पटकका लागि भन्ने भाषा प्रयोग भएको छ । यसअघिका बाधा अड्काउ फुकाउ आदेशमा यस्तो शर्त थिएन ।

अघिल्ला वर्षको अनुभवका आधारमा संसद अधिवेशन बढीमा असोजको दोस्रो हप्तासम्म चालु रहने गरेको छ । प्रतिनिधि सभामा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकसहित बैंकिङ कसुर तथा सजाय विधेयक २०८०, औषधि तथा स्वास्थ्य सामग्री (नियन्त्रण तथा नियमन) विधेयक २०८०, विद्युत विधेयक २०८०, विद्यालय शिक्षा विधेयक २०८०,

»» पृष्ठ २ मा

युरोपको नयाँ मागपत्र प्रमाणीकरण कहिले ?

काठमाडौं/मस- युरोपेली मुलुकमा रहेका नेपाली दूतावासहरूमा मागपत्र प्रमाणीकरणमा चरम उदासीनता र ढिलासुस्ती बढेको वैदेशिक रोजगार व्यवसायीको गुनासो बढेको छ । वार्षिक करिब ५० हजार नेपाली जाने आंकलन गरिएका ती देशमा कामका लागि जाने नेपाली कामदार असुरक्षित मानिने कन्सल्ट्यान्सीहरूबाट गइरहेको व्यवसायीहरू बताउँछन् ।

परम्परागत श्रम गन्तव्यका रूपमा रहेका खाडीका देश र मलेसियाको विकल्प क्रोएसिया, रोमानिया, पोर्चुगलजस्ता देशहरू रहेपनि

»» पृष्ठ २ मा

करिब चार हजारमा डेंगु संक्रमण

गरिब तथा आर्थिकरूपले विपन्न, नवजात शिशु, गर्भवती, सुत्केरी, बेवारिसे, अपाङ्गता, सहाराविहीन अशक्त एवम् अपांगता तथा ज्येष्ठ नागरिक डेंगु संक्रमणबाट बढी प्रभावित भएका छन् ।

अस्मिता बम/मध्यान्ह
काठमाडौं, १ भदौ ।

डेंगुको संक्रमण ७४ जिल्लामा फैलिएको छ । नेपाल प्रहरीका अनुसार डेंगु संक्रमितको संख्या देशभर करिब चार हजार पुगेको छ । कयसवर्षको वैशाख यता दुई जना डेंगु संक्रमितको मृत्यु भएको छ ।

ललितपुरका ४१ जना सहित ५५ जनामा हैजा संक्रमण फैलिएको छ । स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार शुक्रबार ललितपुरका २ जनामा हैजा संक्रमण पुष्टि भएसँगै संक्रमित संख्या ५५ जना पुगेको हो ।

यसवर्ष ललितपुरका ४१, कैलालीका ८, काठमाडौंका चार र प्युठानका दुई जनामा हैजा संक्रमण भएको हो ।

तनहुँमा मात्रै डेंगी संक्रमितको संख्या एक हजार नाघेको छ । तनहुँमा शुक्रबारसम्म एक हजार ८२ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

कार्यालयका सूचना अधिकारी सुदीप कँडेलले पछिल्लो दुई दिनमा मात्रै एक सय आठ जनामा संक्रमण देखिएको छ । कुल संक्रमितमध्ये ८१३ जना आँबुखैरेनी गाउँपालिकामा रहेका छन् ।

यो सँगै देशभर डेंगु संक्रमित संख्या ह्वात्तै बढेको हो । डेंगी संक्रमण बढेपछि आँबुखैरेनी गाउँपालिकाले लामखुट्टेको बासस्थान खोज र नष्ट गर अभियानलाई तीव्रता दिएको छ । आँबुखैरेनी गाउँपालिका-३ का विभिन्न टोलमा पुगेर लामखुट्टेले फुल पार्ने सम्भावित ठाउँको खोजी गरी नष्ट गरिएको छ ।

गरिब तथा आर्थिक रूपले विपन्न, नवजात शिशु, गर्भवती, सुत्केरी, बेवारिसे, अपाङ्गता, सहाराविहीन अशक्त एवं अपांगता तथा ज्येष्ठ नागरिक डेंगु संक्रमणबाट बढी प्रभावित भएका छन् ।

चिकित्सकहरूका अनुसार डेंगु लामखुट्टेको टोकाइबाट सर्ने रोग हो । एडिस प्रजातीको लामखुट्टेको टोकाइबाट डेंगुको संक्रमण हुन्छ । डेंगु सार्ने लामखुट्टेले पानी जमेको स्थानमा फूल पार्छ । अन्य लामखुट्टेले लामो समयदेखी जमेको पानी, फोहोर पानी, हिलोमा जमेको पानीमा फुल पार्ने भएपनि एडिस प्रजातिको लामखुट्टेले ३/४ दिनदेखी जमेको पानीमा मात्र फूल पार्ने गर्छ ।

एडिस प्रजातिको लामखुट्टेले मानिसलाई टोकेपछि डेंगुको संक्रमण हुने गर्छ । लामखुट्टेले टोकेको मानिसलाई दुई दिनसम्म सामान्य टाउको दुख्ने गर्छ,

»» पृष्ठ २ मा

शिक्षकमाथि सरकारले दमनचक्र लगाउँदैन : प्रधानमन्त्री

काठमाडौं/मस– प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षक र कुनै पनि जनतामाथि सरकारले दमनचक्र नलाद्ने स्पष्ट पारेका छन् ।

नेपाल राष्ट्रिय शिक्षक संगठनको २३ औं राष्ट्रिय परिषद् बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले शिक्षकहरुले पढाउने दायित्वका साथै राजनीतिक र सामाजिक परिवर्तनको आन्दोलनमा महत्वपूर्ण योगदान गरेकाले उनीहरुका कुनै समस्या भए आपसी संवादबाट समाधान गर्नुपर्नेमा जोड दिए ।

यसअघिको सरकारले शिक्षकहरुलाई राजनीति गरेको आरोप लगाएर दबाबमा राखेको उल्लेख गर्दै उनले अब अवस्था फेरिएकाले ढुक्कका साथ शिक्षण र समाजको जागरण विस्तारमा लाग्न आग्रह गरे । उनले शिक्षासम्बन्धी र कर्मचारीसम्बन्धी ऐन नियमलाई आपसी संवादबाट समायानुकूल सुधारका लागि सरकार तत्पर रहेको जनाए ।

राजनीति र शिक्षकको भूमिकालाई नबुझेकाहरुले शिक्षकमाथि एकतर्फी दमनचक्र लगाउन खोजेका थिए । शिक्षकलाई राजनीतिबाट अलग गराएँ भनेर घोषणा गरेका थिए । त्यो शिक्षकहरुलाई लपेट्ने प्रयास हो । ती प्रयास गलत थिए,' प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष ओलीले भने, 'वास्तवमा अरस्तु र प्लेटोका पालादेखि नै मानिस राजनीतिक प्राणी हो भन्ने स्पष्ट भइसकेको थियो । त्यसैले यो सरकार शिक्षकमाथि कुनै शत्रुता राख्नुपर्ने कारण देख्दैन । शिक्षकहरुले आफ्नो कर्म र दायित्वलाई इमान्दाररुपमा निर्वाह गरिदिए पुग्छ । कक्षाकोठाभन्दा बाहिर पनि शिक्षकहरु समाजको विकृति बढार्ने काममा साँझ-बिहान लाग्नुपर्छ । शिक्षक हुनु भनेको जागिरे हुनु होइन, एक प्रकारको जागरण हो ।'

कार्यक्रममा प्रधानमन्त्री ओलीले विभिन्न शिक्षक संगठनबाट प्रवेश गर्नेहरुलाई प्रवेश गराए भने रिमोटका माध्यमबाट सो संगठनको ललितपुरस्थित नयाँ भवनको उद्घाटन गरे ।

'सरकारले सबै कुरा देखाउनुपर्छ भन्ने छैन'

मध्यान्ह संवाददाता
दाङ, १ भदौ

लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीले सरकारले सरकारका सबै कुरा देखाउन नपर्ने बताएका छन् ।

सञ्चारिका समुह नेपाल लुम्बिनी प्रदेशले आयोजना गरेको सूचनाको हक सम्बन्धी प्रशिक्षण शिविरको उद्घाटन गर्दै सभामुख घर्तीले भने, 'सरकारले सूचना अड्कलेर दिन चाहन्छ, तर नागरिकलाई सुसूचित गराउनु पनि पर्छ ।'

'नागरिकलाई सूचनाको हकको प्रत्याभूति गराउन सक्नुपर्छ,' सभामुख घर्तीले थपे,'तर सूचना गोपनियताको सीमा कहिलेसम्म हो भन्ने कुरामा निर्भर पर्छ ?'

लोकतन्त्रमा सूचनाको हकमा हरेक नागरिकको पहुँच पुग्नुपर्ने उनको भनाइ छ । कुटनीतिक गोपनियतालाई ध्यानमा राख्दै सूचनालाई जनताको अधिकार सुनिश्चिततासँग जोडेर लैजानुपर्ने उनको भनाइ छ ।

राज्यको निकायले सूचनाको हकलाई नजिकबाट हेर्नुपर्ने उनले बताए ।

'नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रतालाई मौलिक हकका रुपमा परिभाषित गरेको छ' उनले भने,'हरेक निकायले जनस्तरमा पुग्नेगरी सूचनाको हक प्रत्याभूत गर्नुपर्छ ।'

अहिलेसम्म आम नागरिक सूचनाको हक माग्न नआएको भन्दै जनता र सरकालाई जोड्ने काम सञ्चार क्षेत्रले गर्ने गरेको उनको भनाइ छ ।

सरकार र संसदीय मूल्य मान्यता र मयार्दाको ख्याल गरी सूचनालाई सम्प्रेषण गर्न उनले पत्रकारलाई सुझाव दिएका थिए ।

सार्वजनिक निकायले सूचनाको हकको सिद्धान्त अनुसार हरेक ३-३ महिनामा सबैको पहुँचमा पुग्ने गरी काम र गतिविधि अध्यावधिक गर्ने दायित्वबाट पन्छिन नमिल्ने उनले बताए ।

सञ्चारिका समुहकी केन्द्रीय कोषाध्यक्ष उर्वशी बस्न्यातको अध्यक्षतामा सूचनाको हक सम्बन्धी प्रशिक्षण शिविर भएको हो ।

सञ्चारिका समूह नेपालको आयोजना तथा द एशिया फाउण्डेसन नेपालको प्राविधिक सहयोग र सामुदायिक सारथीको सहकार्यमा शिविर भएको हो ।

दुई दिनसम्म चल्ने शिविरमा सूचनाको हक सम्बन्धी ऐन, व्यवस्था, यसको महत्व, कार्यान्वयनको अवस्थाका विषयमा प्रशिक्षण हुनेछ । तालिममा जिल्लामा क्रियाशील २५ जना पत्रकारको सहभागिता रहेको छ ।

कार्यक्रमको सहजीकरण सञ्चारिका समूह लुम्बिनी प्रदेश अध्यक्ष अमृता अनमोलले गरेकी थिइन् । तालिमको पहिलो दिनको प्रशिक्षक ताराबहादुर भण्डारी र जेपी विश्वकर्माले गरेका थिए ।

परराष्ट्रमन्त्री आज भारत भ्रमणमा जाने

काठमाडौं/मस-परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा आज छिमेकी मित्र राष्ट्र भारतको औपचारिक भ्रमणमा जाने भएकी छन् ।

भारतीय समकक्षी डा.एस जयशंकरको मैत्रीपूर्ण निमन्त्रणामा मन्त्री राणा चार दिने भारत भ्रमणमा जान लागेकी परराष्ट्र मन्त्रालले जनाएको छ ।

भ्रमणका क्रममा मन्त्री राणाले आफ्ना समकक्षीसँग दुई देशबीचको आपसी हित, पारस्परिक सम्बन्ध अझ सबल तुल्याउने एवम् नेपाल-भारतबीचको सहकार्य प्रबर्द्धननबारे छलफल गर्ने जनाइएको छ । दुई देशबीचमा नियमित रुपमा हुँदै आएको उच्चस्तरीय भ्रमणले सदियौँ पुरानो द्विपक्षीय सम्बन्धलाई बहुआयामिक क्षेत्रमा सुदृढ एवम् प्रगाढ तुल्याउने अपेक्षा गरिएको छ ।

परराष्ट्र मन्त्री राणा यही भदौ ६ गते स्वदेश फर्कने तालिका छ ।

कोटिहोम घटनाको छानबिन गर्न समिति गठन

काठमाडौं/मस-पशुपतिनाथको कोटिहोममा शुक्रबार भएको घटनाबारे छानबिन समिति गठन भएको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ढुंगानाको संयोजकत्वमा सात सदस्यीय छानबिन समिति गठन भएको हो ।

समितिका सदस्यमा जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी नायब उपरीक्षक गंगा पौडेल, सशस्त्र प्रहरी बल २० गण सिनामंगलका सप्रनाउ प्रमोद राय, अधिवक्ता सचितानन्द काफ्ले, नेपाल पत्रकार महासंघका गोविन्द चौलागाईं र मानव सेवा फाउन्डेसन नेपालका विष्णुकुमार थापा रहेका छन् ।

शुक्रबार कोटिहोमका आयोजक विजयकृष्ण मूर्ति भनिने विजय भण्डारीलाई पक्राउ गर्न जाँदा प्रहरीविरुद्ध नाराबाजी र हुलहुज्जत भएको थियो । भण्डारीमाथि ठगीको आरोप लागेको छ । सादा पोशाकका केही प्रहरीहरु कोटिहोम स्थलमा पुगेपछि कथावाचक कृष्णमूर्तिका समर्थकहरुले प्रतिवाद गरेका थिए ।

आफूलाई धार्मिक गुरु बताउने कृष्णमूर्तिले आफूलाई प्रहरी पक्राउ गर्न आएको भन्दै समर्थकहरुलाई प्रतिवाद गर्न आह्वान गरेका थिए ।

मधेश आन्दोलनका बन्दीको रिहाइका लागि भएको सम्झौता कार्यान्वयन गर्न जसपाको माग

काठमाडौं/मस-जनता समाजवादी पार्टी (जसपा) नेपालले विभिन्न चरणमा भएका मधेश आन्दोलनका क्रममा आन्दोलनकारी माथि लगाइएका मुद्दाहरू खारेज गर्न माग गरेको छ । जसपा नेपालको साउन २७ देखि ३० गतेसम्म बसेको केन्द्रीय समिति बैठकले आन्दोलनकारीमाथि लगाइएका मुद्दा खारेज गर्न सरकारसँग भएका सम्झौताअनुरूप बन्दीको रिहाइ गर्न माग गर्ने निर्णय गरेको हो ।

शनिबार बैठकका ६७ बुँदे निर्णय सार्वजनिक गर्दै जसपाले मधेस आन्दोलनका बन्दीको रिहाइका साथै रोक्का गरिएका जग्गा, धन-सम्पत्ति फुकुवा गर्न माग गरेको छ । 'आफ्नो पहिचानका लागि आन्दोलनमा लागेका आदिवासी जनजाति, लिम्बुवान्, किरात आन्दोलनकारीहरूमाथि लगाइएका मुद्दाहरू सरकारले फिर्ता लिई समस्याको न्यायोचित समाधान गरिनुपर्दछ,' जसपाले भनेको छ ।

अध्यक्ष उपेन्द्र यादवले बैठकले बन्दीहरूको रिहाइ, मुद्दा खारेजीका साथै सहिद परिवारहरूको भरण-पोषण, शिक्षा, स्वास्थ्य उपचारको व्यवस्था गर्न सरकारसँग माग गर्ने निर्णय भएको जानकारी दिए ।

प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रदेश सरकारलाई प्रहरी हस्तान्तरण गरिनुपर्ने माग गर्दै उनले संघीय निजामती ऐन संसद्बाट पारित गरी कर्मचारी समायोजनसम्बन्धी बाँकी कार्यहरू सम्पन्न गर्नसमेत ध्यानाकर्षण गराए । अध्यक्ष यादवले प्रदेशमा मन्त्रालय संख्या घटाउनुपर्ने र आवश्यक ऐन निर्माण गरी संविधानको अनुसूची ६ र ७ मा भएका व्यवस्थानुसार प्रदेशहरूलाई अधिकार र स्रोतसाधन प्रदान गर्न पनि माग गरे ।

संविधानमा व्यवस्था भएबमोजिम विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र कायम गरी त्यसको क्षेत्राधिकार निर्धारण गर्न, जिल्ला समन्वय समिति आवश्यक नरहेको र त्यसको भूमिका पनि आवश्यक नदेखिएकाले हटाउनु उचित हुने जसपाको ठहर छ । स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहनेगरी राख्न आवश्यक संवैधानिक तथा कानुनी व्यवस्था गर्न, संविधानमा आवश्यक संशोधन गरी जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख/राष्ट्रपतीय प्रणाली व्यवस्था गर्न पनि जसपाको माग छ । यस्तै, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधान संशोधनका लागि संविधानविज्ञ सम्मिलित 'संविधान पुनरावलोकन आयोग' गठन गरिनुपर्ने, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, समानुपातिक समावेशी प्रतिनिधित्व भएको संघीय न्याय प्रणाली, राष्ट्रिय/जातीय पहिचानमा आधारित स्वायत्तता र स्वशासनसहित राज्य संरचना र राज्य शक्तिको बाँडफाँडलगायत प्रावधानहरू संशोधन गर्न पनि जसपा नेपालले माग गरेको छ । मिटरब्याजपीडितको समस्या समाधान गर्न तथा प्रदेशमा औद्योगिक करिडोर घोषणा गर्न, पर्यटन तथा उद्योग, कलकारखाना सञ्चालनका लागि लगानीकर्तालाई प्रोत्साहन गर्न आवश्यक कानुनी, विधि र प्रक्रिया छिटोछरितो र सहज तुल्याउन अनुरोध गरेको छ ।

सत्तारुढभित्रै...
सरकारले गम्भीर रूपमा सोच्नुपर्ने बताएका थिए ।

दुई वर्षसम्म लगातार वार्षिक एक सय जना कामदारलाई वैदेशिक रोजगारीमा नपठाउने म्यानपावर कम्पनीको नवीकरण नगर्ने कानुनी व्यवस्था छ । तर, गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले बाधा अड्काउ फुकाऊ मार्फत उनीहरूको नवीकरण गर्ने निर्णय गरेको छ ।

लगत्तै भोलिपल्ट शुक्रबार बसेको संसदीय समितिको बैठकमा सरकारको निर्णलाई लिएर कांग्रेस सांसदहरूले प्रश्न उठाएका हुन् । संसदमा बिचाराधीन अन्य कतिपय विषयमा समेत कांग्रेस र एमालेका बीचमा बेमेल रहेको छ ।

प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलमा रहेको भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन संशोधनको विषयमा दुई दलका फरक बिचार व्यक्त भइरहेका छन् ।

कांग्रेस भ्रष्टाचारको अनुसन्धानमा पाँच वर्षको हदम्याद राख्ने पक्षमा रहेको छैन भने एमाले मौन रहँदै आएको छ ।

बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) अघि बढाउने विषयमा पनि एमाले र कांग्रेसका बीचमा फरकम मत देखा परेको छ । प्रतिनिधि सभाको अन्तराष्ट्रिय सम्बन्ध समितिको बैठकमा यो विषयमा छलफल हुँदा एमालेका सांसदहरु ऋण लिएर भएपनि बीआरआई अगाडि बढाउनुपर्ने पक्षमा प्रस्तुत भएका छन भने कांग्रेसका सांसदहरू अनुदानमा मात्रै अगाडि बढ्न सकिने अडानमा रहेका छन् ।

डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवादमा पनि कांग्रेस र एमाले एक ठाउँ छैनन् । एमाले प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिमार्फत नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशन कुलमान घिसिडमाथि एक्सन लिनुपर्ने प्रयासमा छ भने कांग्रेस प्रतिसोधमा अगाडि बढ्न नहुने बताइरहेको छ ।

यसअघि सार्वजनिक लेखा समितिमा डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवादमा छलफल हुँदा कांग्रेसकै सांसद संजय कुमार गौत्तमले अदालतमा बिचाराधीन विषयमा संसदीय समितिमा छलफल राखेको भनेर आफ्नो नितिगत असहमति रहेको बताएका थिए । त्यसयता डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवादबारे छलफल गर्न गरी लेखा समितिको अर्को बैठक बसेको छैन ।

सरकार गठन भएको एक महिनामै प्रमुख दुई सत्ता घटक दुई दलका बीचमा केही महत्वपूर्ण विषयमा फरकमत देखा परेका बेला शीर्ष नेताबीच भेटवार्ता भएको हो । जसलाई प्रधानमन्त्री ओलीले नै राजनीतिक विमर्शको संज्ञा दिएका छन् ।

नेताहरूका अनुसार दुई दलका बीचमा देखा परेको मतभेद हटाउने र गठबन्धन थप बलियो बनाउने समझदारी भएको छ ।

जलवायु...
बाँकी तीन वटामध्ये एउटा सुरक्षित रहेको र दुई वटा जोखिममा रहेको बताइएको छ ।

जल तथा मौसम विज्ञान विभागले जलवायु परिवर्तन र बढ्दो तापक्रमका कारण हिमताल विस्फोट भएको बताएको छ । जलवायु जानकार राजन थापाले हिमाली क्षेत्रमा तापक्रम अस्वाभाविकरूपमा बढ्दै जाँदा हिमतालहरू जोखिममा रहेको बताए । थामेमा मात्र नभइ तापक्रम बढ्दै जाँदा सगरमाथा क्षेत्रका अन्य हिमताल पनि जोखिममा पर्ने र हिमालमा हिउँ पग्लिने क्रम बढेको उनी बताउँछन् । यसले हिमाली बस्तीलाई जोखिममा पारेको उनले बताए ।

शुक्रबार बाढी गएपछि खिचिएको सोलुखुम्बुको थामे क्षेत्रको भिडियो सार्वजनिक गर्दै पूर्वप्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जलवायु परिवर्तनको नकारात्मक असर देखा पर्न थालेको बताएका छन् ।

पर्वतीय देशहरूको मानवीय जीवन बहुआयामिक जोखिममा पर्दै गएको उल्लेख गर्द उनले हिमाल पग्लिने क्रम जारी रहेकामा चिन्ता प्रकट गरेका छन् । उनले नेपालजस्ता देशहरूले आफूले नगरेको गल्तीको सजाय भोगिरहेको पनि बताए ।

'हिमाल पग्लिने क्रम जारी छ, हिमताल फुटिरहेका छन् । बाढीपहिरोजस्ता प्राकृतिक प्रकोपले तटीय क्षेत्रमा जनधनको ठूलो क्षति भइरहेको छ', अध्यक्ष प्रचण्डले भने, 'मैले संयुक्त राष्ट्रसंघको महासभादेखि कोप-२८ सम्म जलवायु न्यायको कुरा गरेको थिएँ । नेपालजस्ता देशहरूले हामीले नगरेको गल्तीको सजाय भोगिरहेका छौँ ।' थामे माथि हिमताल फुटेर बाढीले ठूलो धनजनको क्षति भएको र तटीय क्षेत्रमा मानवीय जोखिम उत्पन्न गराएको पनि उनले बताएका छन् ।

बाढीका कारण पुलमा क्षति हुँदा तल्लो सोलु र खुम्बुको सिधा सडक सञ्जाल टुटेको छ । साथै बाढी भोटेकोशी हुँदै दुधकोशीमा मिसिँदा खुम्बु पासाङल्हामु गाउँपालिका र माप्यदुधकोशी गाउँपालिकाको सिमानामा पर्ने मितेरी पुलमा पनि क्षति पुगेको जनाइएको छ । बाढीले पक्की मोटरेबल पुलको एकतर्फको भाग कटान भएको छ । जसका कारण सल्लेरीबाट खुम्बु जोड्ने एकमात्र सडक सञ्जाल टुटेको छ ।

मनसुनजन्य...
घर, १ सय ७ वटा गोठ, ४९ वटा पुल, ४ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ८ सय ३० वटा पशु चौपायको मृत्यु भएको छ ।

मनसुनजन्य विपद्को ६९ दिनको अवधिमा विपद्का घटनाबाट ४ हजार ६ सय ८९ घर परिवार विस्थापित भएका छन् ।

करिब...
दुई तीन दिनपछि लगातार ज्वरो आउँछ, टाउको दुख्ने, जोर्नी र मांशपेशी दुख्ने जस्ता लक्षण देखिन्छन् । यसका साथै आँखाको पछाडिपट्टीको भाग दुख्ने, वाकवाकी लाग्ने, खाना खान मन नलाग्ने लक्षण पनि देखिने गर्छ ।

चिकित्सकहरू यस्ता लक्षण देखा पर्ने बित्तिकै स्वास्थ्य परीक्षण गर्नुपर्ने सुझाव दिन्छन् । यसलाई वेवास्ता गरियो भने संक्रमण बढ्दै गएर रगतमा प्लेटलेट्सको मात्रा कम हुन गई शरीरका विभिन्न अंग नाक, गिजाबाट रगत बग्न थाल्ने, दिशा र पिसाबमा पनि रगत देखिनुका साथै रक्तचाप कम हुने खतरा रहन्छ । शरीरमा रगतको कमी हुने, मृगौला तथा मुटुमा समस्या देखिन सक्छ ।

चिकित्सकहरूका अनुसार घर वरपर रहेको पानी जम्ने खाल्डाखुल्डी पुर्न, लामखुट्टेको टोकाईबाट जोगिन झूल टाँगेर सुत्न, घरबाहिर करेसाबारीमा काम गर्न जाँदा सकेसम्म शरीर पुरै छोपिने गरी लुगा लगाउन सुझाउँछन् । घर वरपर सफला राख्ने, लामखुट्टे भएका स्थानमा किटनाशक औषधीको प्रयोग गर्नाले डेंगुको संक्रमणबाट बच्न सकिने उनीहरूको सुझाव रहेको छ ।

ऐन...
बैंक तथा वित्तीय संस्थासम्बन्धी विधेयक २०८०, संघीय निजामती सेवाको गठन तथा सञ्चालनसम्बन्धी विधेयक २०८०, राजनीतिक दलसम्बन्धी दोस्रो संशोधन विधेयक २०८०, निर्माण सामग्री व्यवस्थापन तथा नियमन विधेयक, भन्सार विधेयक, धितोपत्रसम्बन्धी विधेयकलगायत विधेयक दर्ता भइ अघि बढ्न सकेका छैनन् ।

यस्तो अवस्थामा प्रतिनिधि सभामा रहेको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक छिटो अघि बढ्न र ११ महिनामै कानूको रुपमा आउन पेचिलो अवस्था छ । विगत १५ महिनामा अधिकांश समय संसद अवरुद्ध रहेको मान्ने र विधेयकहरु पारित हुन समय लागेको मान्ने हो भने भिन्न दृष्टिकोण बन्न सक्छ । तर उचित दबाब नपुर्‍याउने हो भने ११ महिनाको अवधिमा विधेयक पारित हुन सक्ला ? भन्ने प्रश्न उठेको छ । विगत १५ महिना जसरी बित्यो आगामी ११ महिना पनि त्यसैगरी बित्न सक्छ ।

त्यसैले हाल सय संख्याले पारेको समस्या समाधानका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र घटक संस्थाहरुले जसरी दबाब सिर्जना गरे, समयमा ऐन पारित गराउन थकाइ महसुस नगरी अविलम्ब अर्को दबाबका लागि अभियान शुरुवात गरिहाल्नुपर्ने यस क्षेत्रका कतिपय अनुभवीहरु बताउँछन् । अन्यथा लामो मिहिनेतपछि इजाजतपत्र नवीकरण गर्नु र खुसीयाली साटासाट गर्नुको अर्थ नदेखिने टिप्पणी शुरु भइसकेको छ ।

युरोपको...
नेपाली दूतावासहरूमा मागपत्र प्राणीकरणको उदासीनताले असुरक्षित वैदेशिक रोजगारलाई मलजल पुगिरहेको बताइएको छ ।

सरकारले वैदेशिक रोजगारीका लागि नयाँ श्रम गन्तव्य पहिल्याउन विगतमा कार्यदल नै गठन गरेपनि दूतावासहरूको काम नगर्ने शैलीका कारण तलब र सुरक्षित श्रम अधिकारका हिसाबले राम्रो युरोपेली श्रम गन्तव्य नेपालीका लागि खेर गइरहेको गुनासो धेरै अघिदेखि रहेको छ ।

करिब...
दुई तीन दिनपछि लगातार ज्वरो आउँछ, टाउको दुख्ने, जोर्नी र मांशपेशी दुख्ने जस्ता लक्षण देखिन्छन् । यसका साथै आँखाको पछाडिपट्टीको भाग दुख्ने, वाकवाकी लाग्ने, खाना खान मन नलाग्ने लक्षण पनि देखिने गर्छ ।

चिकित्सकहरू यस्ता लक्षण देखा पर्ने बित्तिकै स्वास्थ्य परीक्षण गर्नुपर्ने सुझाव दिन्छन् । यसलाई वेवास्ता गरियो भने संक्रमण बढ्दै गएर रगतमा प्लेटलेट्सको मात्रा कम हुन गई शरीरका विभिन्न अंग नाक, गिजाबाट रगत बग्न थाल्ने, दिशा र पिसाबमा पनि रगत देखिनुका साथै रक्तचाप कम हुने खतरा रहन्छ । शरीरमा रगतको कमी हुने, मृगौला तथा मुटुमा समस्या देखिन सक्छ ।

चिकित्सकहरूका अनुसार घर वरपर रहेको पानी जम्ने खाल्डाखुल्डी पुर्न, लामखुट्टेको टोकाईबाट जोगिन झूल टाँगेर सुत्न, घरबाहिर करेसाबारीमा काम गर्न जाँदा सकेसम्म शरीर पुरै छोपिने गरी लुगा लगाउन सुझाउँछन् । घर वरपर सफला राख्ने, लामखुट्टे भएका स्थानमा किटनाशक औषधीको प्रयोग गर्नाले डेंगुको संक्रमणबाट बच्न सकिने उनीहरूको सुझाव रहेको छ ।

कर्मचारी युनियनद्वारा पर्यटकीय स्थल नरपानीमा सरसफाइ

सुरु भुसाल/मध्यान्ह
अर्घाखाँची, १ भदौ

नेपाल निजामती कर्मचारी युनियन अर्घाखाँचीको आयोजनामा नरपानीमा सरसफाइ कार्यक्रम सम्पन्न भएको छ । नेपाल निजामती कर्मचारी युनियनको स्थापना दिवसको पूर्वसन्ध्यामा जिल्ला कार्यसमितिको बैठकको निर्णय अनुसार शनिबार नरपानी पिकनिक स्पट एरियामा सरसफाइ गरिएको हो ।

जिल्लाभित्र रहेका युनियनकर्मी, जनप्रतिनिधि, नेता कार्यकर्ता, पत्रकार लगायतको उपस्थितिमा उक्त क्षेत्रमा फालिएका फोहोर वस्तु संकलन, मैदानभित्रको घाँसलाई व्यवस्थापन गरी सरसफाइ गरिएको हो । सरसफाइ कार्य पश्चात आयोजित शुभकामना आदान-प्रदान कार्यक्रममा मन्तव्य राख्दै नेपाली कांग्रेस लुम्बिनी प्रदेश सहमहामन्त्री बिष्णु प्रसाद खनाल मुस्कानले कर्मचारी युनियनले गरेको कार्यको मुक्तकण्ठले प्रसंशा गर्दै विभिन्न कार्यलयबाट सेवा दिँदा कर्मचारीले मुस्कानसहितको सेवा दिन आग्रह गरे ।

कर्मचारिले सरकारी अड्डाबाट सेवाग्राहिलाई सेवा मात्र नदिई सामाजिक कार्यमा पनि सहभागी हुने भएकाले देश निर्माणमा अहम् भूमिका खेलेको धारणा राखे ।

यस्तै जिल्ला सभापति केशव श्रेष्ठले शुभकामना मन्तव्य राख्दै कर्मचारिहरुका अधिकार प्राप्तिका निम्ति जिल्ला पार्टी सधैं साथ रहने बताउदै जनताको पक्षमा काम गर्ने गरि लाग्न निर्देशन दिए ।

कार्यक्रममा सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसाल, सन्धिखर्क नगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष श्रीधर महत्रा, निजामती कर्मचारी युनियनका केन्द्रीय सदस्य नवीन पन्थी, कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनका जिल्ला अध्यक्ष कृष्ण वर्मा, कर्मचारी युनियन रुपन्देहीका अध्यक्ष चक्रपाणी पाण्डे, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य प्रेमनारायण आचार्य लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेश सहमहामन्त्री शान्ता भण्डारी, शितगंगा नगरपालिका प्रमुख छबिलाल पौडेल, जिल्ला सचिव कृष्ण प्रसाद खनाल, जिल्ला सदस्य यमकला थापा, शितगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन रेग्मी, सन्धिखर्क ७ का वडाध्यक्ष चुरा केसी, भूमिकास्थान ८ वडाध्यक्ष राजकुमार श्रेष्ठ, निजामती कर्मचारी युनियनका पूर्व अध्यक्ष शेषकान्त घिमिरे, माधव अर्याल, शिव वर्मानिजामती कर्मचारी युनियन लुम्बिनी प्रदेश सदस्य , नुमलाल खनाल, सरिता भुसाल रुद्रमणी भुसाल, बिष्णु खनाल, सागर महत, बिक्रम पाण्डे,अम्बिका श्रेष्ठ निजामती कर्मचारी युनियनका नेताहरुको बाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रम निजामती कर्मचारी युनियनका जिल्ला काबा अध्यक्ष दीपक पाण्डेको अध्यक्षता र सहसचिव रमेश न्यौपानेको सन्चालनम सम्पन्न भएको हो ।

एमाले लुम्बिनी प्रदेश संसदीय दलको नेतामा आचार्य

सपना बोहरा / मध्यान्ह
दाङ, १ भदौ

नेकपा एमाले लुम्बिनी प्रदेश संसदीय दलको नेतामा चेतनाराण आचार्य चयन भएका छन् । शनिबार बुटवलमा बसेको संसदीय दलको बैठकले लुम्बिनी प्रदेशका मुख्यमन्त्रीसमेत रहेका आचार्यलाई दलको नेतामा चयन गरेको हो ।

दलको उपनेता आचार्यलाई केन्द्रीय नेतृत्वबाट मुख्यमन्त्री बनाएपछि तत्काल दलको नेता रहेका पूर्वमुख्यमन्त्री लीला गिरी असन्तुष्ट बनेका थिए भने उनले साउन ७ गते दलको नेताबाट राजीनामा दिएका थिए ।

गिरीले दलको नेताबाट राजीनामा दिएको एक महिनापछि दलको बैठक बसेर आचार्यलाई दलको नेता बनाएको हो । मुख्यमन्त्री आचार्यको अध्यक्षता तथा नेकपा एमालेका केन्द्रीय कमिटी सचिव तथा लुम्बिनी प्रदेश इन्चार्ज पद्मा अर्यालको प्रमुख आतिथ्यतामा बैठक बसेको थियो । बैठकले एमाले संसदीय दलको उपनेतामा भोज प्रसाद श्रेष्ठ, प्रमुख सचेतकमा तुल्सिप्रसाद चौधरी र सचेतकमा यमुना रोका तामाङलाई चयन गरेको छ ।

अर्घाखाँचीका ६५ हजार जग्गाधनीले पाए लालपुर्जा

सुर्य प्रसाद भुसाल / मध्यान्ह
अर्घाखाँची, १ भदौ

अर्घाखाँचीका ६१ वटै वडाहरुको सम्पूर्ण नापनक्सा तथा जग्गा दर्ता सम्पन्न भएको छ । अर्घाखाँचीमा तीन नगरपालिका र तीन गाउँपालिका गरी ६ वटा पालिका रहेका छन् । सोही अनुसार लालपुर्जा वितरण गरिएको विशेष नापी कार्यालय अर्घाखाँचीले बताएको छ ।

२०६१ साल फागुन २० गते तत्कालीन नेकपा माओवादीले जिल्लाको सदरमुकाम सन्धिखर्कमा आक्रमण गर्दा नापी कार्यालय तथा मालपोत कार्यालयमा रहेका सम्पूर्ण भूमी लगतहरु लालपुर्जा नक्सा जली नष्ट भएका थिए । २०६८ सालमा विशेष नापी कार्यालय अर्घाखाँचीमा स्थापना गरी जिल्ला भरको जग्गाको नाप जाँच शुरु गरिएकोमा जिल्ला भर ६५ हजार थान जग्गाधनी लालपुर्जा नापजाँच गरी वितरण गरिएको विशेष नापी कार्यालय अर्घाखाँचीका प्रमुख डिल्लीराज भण्डारीले मध्यान्हलाई जानकारी दिए ।

यस्तै हालसम्म ४७ वटा वडाहरुको नक्सा र फिल्डबुक नापी कार्यालयमा र श्रेस्ता लगायतका अन्य कागजातहरु मालपोत कार्यालयमा हस्तान्तरण गरिएको छ । १४ वटा वडामा पुर्जा वितरण भएको र श्रेस्ता हस्तान्तरण गर्न बाँकी रहेको छ ।

जसमध्ये शितगंगा नगरपालिकामा १,२,३ र १२ भूमिकास्थान नगरपालिकामा १,२ र ३ नम्बर वडा, मालारानी गाउँपालिका वडा नम्बर ५,८ र ९ वडा सन्धिखर्क नगरपालिकामा ७ र ८ वडा र छत्रदेव गाउँपालिकामा वडा नम्बर ७ र पाणिनी गाउँपालिकामा वडा नम्बर १ मा श्रेस्ता हस्तान्तणका कार्यहरु सुचारु रहेका छन् । कतिपय स्थानका साविक नक्सा प्राप्त हुन नसकेको तथा व्यक्तिहरुका घरमा समेत आगलागी भएका हुँदा सम्पूर्ण प्रमाणहरु नष्ट हुन गएकोले जग्गा दर्ता कार्यमा अवरोध हुन आएको भण्डारीको भनाइ छ ।

लालपुर्जा प्रदान गरेपनि स्रेस्ता मालपोत र नापी जानका लागि १२० दिन कुर्नुपर्ने व्यवस्था छ । किनकी त्यो बिचमा ६० दिनभित्र कसैको उजुरी आएमा त्यो उजुरी सुनेर कार्यालयले बाँकी ६० दिनभित्र निर्णय दिनुपर्ने व्यवस्था छ ।

लालपुर्जा नहुँदा जग्गा बिक्री तथा अंशबन्डामा समेत समस्या भएकोमा अहिले लाल पुर्जा प्राप्त गर्दा सहज भएको सन्धिखर्क नगरपालिका वडा नम्बर ११ का कुलबहादुर कुँवरले बताए ।

शितगंगा नगरपालिका वडा नम्बर १२मा मुख्य समस्या छ । त्यहाँ लाल पुर्जा वितरण भएपनि स्रेस्ता वितरण वडाका अधिकांश नागरिकले प्राप्त गर्न नसकेको वडा अध्यक्ष चोपबहादुर घर्तीमगरले बताए । पटक-पटक स्थानीयले यो माग तुरुन्त सम्बोधन गर्न माग गरेपनि सम्बोधन भएको छैन् । वडा अध्यक्ष घर्तीमगरले यो समस्याको लागि विशेष नापी कार्यालय, नापी कार्यालय, प्रशासन कार्यालयमा यसको समाधानको लागि गएपनि त्यसको सम्बोधन नभएको बताए ।

यता विशेष नापी कार्यालय अर्घाखाँचीका प्रमुख डिल्लीराज भण्डारीले त्यहाँको समस्या नक्सा नभेटिँदा समस्या समाधान गर्न नसकेको बताए । जग्गाधनीहरुसँग जग्गाधनी प्रमाण पुर्जा रहेको, तिरो चलेको, भोग चलन रहेको जग्गाको कारोबार मालपोत कार्यालयबाट भइरहेको तर साविक नक्सा कुनै निकाय वा व्यक्तिबाट प्राप्त हुन नसकेकोले र मौजुदा ऐन, नियम, निर्देशिका बमोजिम साबिक नक्सा भिडाइ दर्ता गर्नुपर्ने भएकोले जिल्लाका अन्य केही ठाउँमा पनि दर्ता हुन नसकेको कार्यालय प्रमुख भण्डारीको भनाइ छ ।

जुम्लाका बालबालिकाको प्रश्न– 'स्थानीय सरकार हाम्रो सवालमा जिम्मेवार किन छैन ?'

दिलमाया शाही / मध्यान्ह
जुम्ला, ३२ साउन

बालबालिकाले स्थानीय सरकार आफ्नो अधिकारको सवालमा जिम्मेवार हुन नसकेको बताएका छन् । 'किर्डाक नेपाल जुम्लाले आयोजना गरेको बाल अधिकार, स्रोतमा पहुँच' सम्बन्धी बालबालिका तथा युवाको नेतृत्वमा संवाद कार्यक्रममा सहभागि बालबालिकाहरुले यस्तो बताएका हुन् ।

स्थानीय सरकारले बालबालिकाका सवालहरुलाई वेवास्ता गरेको बालबालिकाहरुले गुनासो गरेका छन् ।

संघीयता आएको सात वर्ष बढी भइसक्दा पनि बालबालिकाको संरक्षण नगरेको उनीहरुले गुनासो छ । त्यस्तै नगर बाल क्लवका अध्यक्ष गोकर्ण सुनार, सरकारले बालबालिका क्षेत्रमा नीति तथा कार्यक्रम ल्याउन नसक्नु बिडम्बना भएको बताए ।

उनले स्थानीय सरकारले भौतिक संरचनालाई मात्रै विकास सम्झने गरेको छ । त्यस्तै अनुराधा चौलागाईं र सुस्मा हमालले बालबालिकाका सवाललाई स्थानीय सरकारले वेवास्था गरेको बताएका छन ।

उनीहरुले स्थानीय सरकारले बालबालिका क्षेत्रमा नीति तथा कार्यक्रम ल्याउन नसक्नु बिडम्बना भएको बताएका हुन् । बाल सहभागिता र बाल अधिकारका विषयमा सरकार विमुख हुनु दुःखत भएको उनीहरुले बताए । त्यस्तै महिला जागरणका अध्यक्ष दिलमाया शाहीले बढ्दो अवस्थामा रहेको बाल विवाह, बाल श्रम र बालिका करणी र लागुऔषध रोकथाम तथा न्यूनीकरणमा स्थानीय सरकार चुकेको बताइन् । उनका अनुसार बालिकाहरुमाथि हुने अपराधिक क्रियाकलापहरु समाजका अगुवा व्यक्तिहरुबाटै बढी हुने गरेका छन् । यस्ता खालका अपराधलाई बढुवा दिने काम राज्यका निकायबाटै हुने गरेको अध्यक्ष शाहीको आरोप छ । उनले भनिन्,'संविधानले पनि बालबालिकाको अधिकार सुनिश्चित गरेको छ । तर, स्थानीय सरकार बालबालिकाको विषयमा संवेदनशिल हुन नसेको छैन ।' उनले थपिन्,' पढाइ दिने बाहनामा हुने खाने घरका व्यक्तिले दुर्गमका बालबालिकालाई राखेर बालश्रम गर्दै आएका छन् । बालबालिकालाई भविष्यका कर्णधार भनिए पनि स्थानीय सरकार बालबालिकाको मुद्दामा जिम्मेवार देखिएको छैन ।'

त्यस्तै बालबालिकाले उठाएको सवालका कुरामा स्थानीय सरकार गम्भीर भएको सहभागि स्थानीय सरकारका अध्यक्ष र उपाध्यक्षहरु बताएका छन् ।

त्यस्तै राज्यका बलिया खम्बाहरुको विकास र समृद्धिका लागि स्थानीय सरकार तयार रहेको गुठीचौर गाउँपालिका अध्यक्ष दान बहादुर बुढाले प्रतिबद्धता गरे । उनले बालबालिकाको चौतर्फी विकासका लागि सरकार सँधैभरी तयार रहेको बताए ।

त्यस्तै चन्दननाथ नगरपालिका जुम्लाका उपप्रमुख रामदेवी खड्काले बालश्रम न्यूनीकरण र बालबालिकाको क्षेत्रमा कार्यक्रम नगरपालिकाले सञ्चालन गर्दै आएको बताइन् । उनले आगामी दिनमा बालबालिका लक्षित नीति तथा कार्यक्रम प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरिन् ।

त्यस्तै संवाद कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले बालबालिकाका सवालमा भएको संवादले नीति निर्माणमा सहयोग गर्ने बताए । उनले भौतिक विकासलाई मात्र जोड नदिइ बालबालिका लगायतका क्षेत्रमा काम गर्दा राज्यले लिएको लक्ष्य पुरा हुने बताए । उनले बालअधिकार संरक्षणका लागि बालबालिकासँग स्थानीय सरकारले समन्वय र हातेमालो गर्दै जानुपर्ने सुझाव दिए ।

त्यस्तै प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले बालबालिकाका विषयमा सरकार संवेदनशिल हुनुपर्ने बताए । उनका अनुसार, बाल सहभागिता र बाल संरक्षणलाई सरकारले प्राथमिकता दिँदै आएको छ । जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रमुख छेदिलाल कामतीले बाल अधिकारकाबिरुद्धमा विरलै मुद्दाहरु पर्ने गरेको बताए । उनले भने, 'प्रहरी बालअधिकारका विषयमा जिम्मेवार छ ।'

उनका अनुसार यहाँको समाजले बालविवाहलाई सहजै स्वीकार गरेकाले पनि होला ?, बालविवाह हुने गरेपनि उजुरीको रुपमा आउने गरेका छैनन् ।

त्यस्तै लागुऔषध र बालविवाहका समुदायस्तरमा कार्यक्रम संचालन गर्दै किर्डाक नेपाल जुम्लाका जिल्ला संयोजक दिपराज रावतले बताए । उनले बाल समृद्धिका लागि स्थानीय सरकारले लगानी गर्नुपर्ने आवश्यकता छ । बाल भेला तथा बालसहभागितालाई सरकारले जोड दिनुपर्ने हुन्छ । त्यस्तै यस्तै संवाद कार्यक्रममा हिमा, तिला, तातोपानी, गुठीचौर, पातारासी गाउँपालिका र चन्दननाथ नगरपालिका जुम्लाका महिला तथा बालबालिका शाखाहरुले बालबालिकाका क्षेत्रमा गरेका कामहरुको बारेमा जानकारी गराएका थिए । संवाद कार्यक्रमका अवसरमा बालविवाह अन्त्यको लागि स्थानीय सरकारले रणनीति योजना निर्माण गरी अभियान चलाउने प्रतिबद्धता गरेका छन् । संवाद कार्यक्रममार्फत १५ बुँदे घोषणापत्र सार्वजनिक गर्दै उनीहरुले प्रत्येक वर्ष योजना निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता गराउने र बालबालिकाको क्षेत्रमा बजेट छुट्याउने बताए ।

हरेक स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था गर्ने, बालविवाह निषेधित वडा घोषणा गर्ने, पालिका र जिल्ला घोषणाका लागि स्थानीय तहको नेतृत्वमा कार्यक्रम गर्ने, बाल संरक्षण नीति, रणनीति र कार्यविधिहरु बनाउने, जोखिम अवस्थामा रहेका बालबालिकाको हितका लागि बाल कोषको स्थापना गर्ने समेत घोषणा पत्रमा समेटिएको छ ।

त्यस्तै बालअधिकार सुनिश्चित गर्नका लागि बालबालिकालाई शिक्षा प्रदान गर्नु, सरकारी र निजी विद्यालयहरूमा सुलभ र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु, बालबालिकालाई शिक्षा प्राप्त गर्नका लागि प्रोत्साहित गर्नु अधिकारको बारेमा सचेत गराउनु,बालबालिकाको स्वास्थ्यको ख्याल राख्नु पर्छ । उचित पोषण, स्वास्थ्य जाँच र उपचारको पहुँच सुनिश्चित गर्नु, परिवारमा बालबालिकाको हक र अधिकारको बारेमा जनचेतना फैलाउनु, परिवारले बालबालिकाको भावनात्मक र मनोवैज्ञानिक विकासमा मद्दत गर्नु आवश्यकता भएको बताइएको छ ।

भूल सुधार

मिति २०८१/०५/०१ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदी र कुवेतमा रोजगारको अवसर शिर्षकमा कम्पनी नाम: **M/s Cabinet And Door Designs Company, पूर्व स्वीकृत मिति: २०८१/०२/३० चलानी नं.: ६०२२१११२, LT. No.: 306425** को पुन विज्ञापनमा Loading And Unloading Worker को पुरुष ५ जना र नाम: Healthy Life Massage Institute (Herbal Life Health Institute), **पूर्व स्वीकृत मिति: २०८०/११/२४ चलानी नं.:६०२१६१४२, LT. No.: 301229** को पुन विज्ञापनमा Mattress/cleaners को महिला २३ जना बाँकी हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

New S.V. International Pvt. Ltd.
Lic.No.: 426/060/061
Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
E-mail: cvs.newsvintl@gmail.com, Web: www.newsvintl.com.np

जुम्ला कारागारमा नि:शुल्क स्वास्थ्य शिविर

जुम्ला / मस - जुम्ला कारागारमा कैदीबन्दीहरुका लागि नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । जिल्ल प्रहरी कार्यालय जुम्लाको आयोजना र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको सहयोगमा कारागारहरूमा रहेका कैदीबन्दीहरूका लागि स्वास्थ्य शिविर सञ्चालन गरिएको हो ।

कारागारका कैदीलाई स्वास्थ्य जाँच गराउन एकै पटक अस्पताल लिन नसकिने भएकाले सम्बन्धीत ठाउमै डाक्टर बोलाई स्वास्थ्य जाँच गरिएको प्रहरी नायब उपरीक्षक छेदीलाल कामतीले बताए । उनले भने, 'कारागारहरूमा रहेका कैदीबन्दीहरूको स्वास्थ्यको अवस्था पत्ता लगाउन, कैदीबन्दीहरूको स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्न, कैदीबन्दीहरू रहेकै स्थानबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न शिविर सञ्चालन गरिएको हो ।'

जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले शिविरबाट कैदीबन्दीकहरुको स्वास्थ्य समस्या पत्ता लाग्ने र उपचार गराउन सहज हुने बताए । उनले भने, 'यदि कुनै जटिल प्रकारका रोगहरू समयमा नै पत्ता लागे अस्पताल र उपयुक्त विशिष्टिकृत अस्पतालमा प्रेषण गर्न सकिन्छ । त्यसैले कैदीबन्दीहरूको सामूहिक बसाइ, खानपान तथा जीवनशैलीलाई परिमार्जन गर्दै व्यक्तिगत सरसफाइ, खानपिन, जीवनशैलीमा सुधार ल्याउनसमेत यो शिविरले सहयोग पुग्ने छ ।'

जिल्ला समन्वय समितिका प्रमुख गौरनन्द आचार्यले कारागारभित्र कैदीबन्दीलाई लक्षित गरी स्वास्थ्य जाँचको बन्दोबस्त मिलाउनु राम्रो पक्ष भएको बताए । उनले कैदीहरूका लागि स्वास्थ्य, मनोरञ्जनदेखि खेलकुदजस्ता गतिविधिसमेत आवश्यक रहेको बताए । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका डाक्टर राकेश कुमार यादवका अनुसार कारागारमा रहेका १ सय २३ जना कैदीबन्दीको स्वास्थ्य जाँच गरिएको छ । उनीहरुमा ग्याष्टिक,मानसिक समस्या, श्वासप्रश्वास र एलर्जीको समस्या देखिएको छ । उनले परीक्षणको क्रममा कैदीबन्दीहरुमा खासै ठूलो समस्या भने नदेखिएको बताए ।

लागुऔषधसहित एक जना पक्राउ

आबिद हुसेन / मध्यान्ह
वीरगञ्ज, १ भदौ

जिल्ला प्रहरी कार्यालय पर्साले ठूलो परिमाणमा लागुऔषधसहित एक जनालाई पक्राउ गरेको छ । प्रहरीले पटेर्वासुगौली गाउँपालिका-४ अकवा गाउँबाट लागुऔषधसहित पर्साका ४० वर्षीय फुलसरिफ मियाँलाई पक्राउ गरेको हो ।

पर्साको कालिकामाई गाउँपालिका वडा नम्बर १ मुडली बस्ने ४० वर्षीय मियाँलाई शंकास्पद रुपमा लुकिरहेको अवस्थामा पक्राउ गरेको पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक भारतीले जानकारी दिए । निजको साथबाट ३० किलो लागुऔषध गाँजा बरामद गरिएको भारतीले बताए ।

मियाँलाई प्रारम्भिक सोधपुछपछि नजिकै रहेको बाँसघारीमा खाल्डो खनी बोराभित्र लुकाइ छिपाई राखिएको अवस्थामा थप १९२ किलोग्राम चरेश र २६७ किलोग्राम गाँजाको धुलो भेटिएको प्रहरी नायब उपरीक्षक भारतीले जानकारी दिए ।

पक्राउ परेका मियाँलाई जिल्ला प्रहरी कार्यालय पर्सामा राखी लागुऔषधसम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको छ ।

१ सय ३२ जनाले गरे रक्तदान

पवन जायसवाल / मध्यान्ह
नेपालगञ्ज, १ भदौ

नेपाल विद्युत प्राधिकरण
रक्तदान कार्यक्रम
DONATE BLOOD SAVE LIFE

नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र नेपालगन्जको प्राङ्गणमा आयोजित रक्तदान कार्यक्रममा महिला पुरुष गरी १ सय ३२ जनाले उत्साहजनक रुपमा रक्तदान गरेका छन् । 'स्वच्छ प्रशासन, सक्षम व्यवस्थापन आजको आवश्यकता : संस्थागत सुधार, कर्मचारी हकहित हाम्रो प्रतिवद्धता'नाराका साथ नेपाल विद्युत प्राधीकरणको ३९ औं वार्षिकोत्सवको अवसरमा नेपाल विद्युत प्राधिकरण कर्मचारी संघ नेपालगञ्ज इकाई समितिको आयोजनामा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।

आयोजित रक्तदान कार्यक्रममा नेपाल विद्युत प्राधिकरण कर्मचारी संघ नेपालगञ्ज इकाई समितिका उपाध्यक्ष महेश चौधरीको अध्यक्षतामा, नेपाल विद्युत प्राधिकरण कर्मचारी संघ लुम्बिनी प्रदेशका अध्यक्ष दुर्गा प्रसाद जैसीको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि दुर्गा प्रसाद जैसी, विशिष्ट अतिथि राजीव सिंह लगायत अतिथिहरुले रगत संकलन गर्ने पाकेट प्रादेशिक रक्त सञ्चार केन्द्रका प्रमुख उपेन्द्र रेग्मी र राजेन्द्र महतारलाई हस्तान्तरण गर्दै ३९ औं वर्षको अवसरमा केक काटेर कार्यक्रमको उद्घाटन गरिएको थियो। नेपाल विद्युत प्राधिकरण कर्मचारी संघ नेपालगञ्ज इकाई समितिका सचिव नबीन अधिकारीद्वारा सञ्चालित, भाइराजा श्रीवास्तवको संयोजकत्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि नेपाल विद्युत प्राधिकरण कर्मचारी संघ लुम्बिनी प्रदेशका अध्यक्ष दुर्गा प्रसाद जैसी, विशिष्ट अतिथि तथा लुम्बिनी प्रादेशिक डिभिजन कार्यालय नेपालगञ्जका प्रमुख राजीव सिंह, नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र नेपालगञ्जका निमित्त प्रमुख बुद्धिसागर भुषाल, नेपाल ट्रेड युनियन कांग्रेस बाँकेका का.वा. अध्यक्ष तोजेन्द्र वि.क लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कुवेतमा रोजगार | कम्पनी: **LUJI'S NAIL EXTENSION SALON COMPANY FOR LADIES BEAUTY**
शहर: **KUWAIT**

पूर्व स्वीकृत मिति: २०८१/०४/३२ चलानी नं.: ६०२२३७१६ LT. No.: 309093

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		KD	ने. रू.							
1.	Beautician /Hairdresser	0	2	सम्बन्धित काममा दक्ष	150	६५,७२१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Manicure/Pedicure	0	2		150	६५,७२१							

कम्पनी: **CHATEAU DE BEAUTY LADIES BEAUTY SALON COMPANY** शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८१/०४/३२ चलानी नं.: ६०२२३६९१ LT. No.: 309092

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		KD	ने. रू.							
1.	Beautician/Hairdresser/Manicurist Pedicurist/Beauty Therapist	0	7	सम्बन्धित काममा दक्ष	150	६५,७२१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ९ गते (25 August 2024) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	कामदारले तिर्ने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No 1061/073/74
Guideline Recruitment Service Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Tel.: 4389497, 9822506451.
Email: info.guideline2024@gmail.com, www.guidelinerecruitment.com.np.
Web: www.guidelinerecruitment.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

थामे डुबानको सिकाइ

हिमताल फुट्दा सोलुखुम्बु थामे बस्ती डुबाउनेगरी बाढी गएको अवलोकनका क्रममा देखिएको छ। शुक्रबार गएको बाढीले पर्यटकीय थामे गाउँ डुबाएको थियो। डुबानमा २० वटा घर, दुई वटा होस्टेल, विद्यालय भवन र एउटा क्लिनिक परेको थियो। खुम्बु पासाङ ल्हामू गाउँपालिका–५ मा पर्ने थामे खोला किनारमै अवस्थित थियो। खोला किनारमा पर्यटकीय वस्ती निर्माणको अर्थ यहाँ हत्तपत्त बाढीको जोखिम थिएन। त्यसैले पर्यटकीय शोभा सहित बस्ती निर्माण गरिएको सहज अनुमान लगाउन सकिन्छ। तर अकस्मात् बाढी आएपछि सम्बन्धित उच्च अधिकारीहरूले हवाई अवलोकन गरेका थिए। अवलोकनका क्रममा दुई हिमताल फुटेकाले बाढी आएको देखिएको छ। थामे भन्दा माथि पाँच वटा हिमताल छन्।

ती मध्ये दुई वटा हिमताल फुटेका छन्। अधिकारीहरूका अनुसार बाँकी तीन हिमताल मध्ये एउटा सुरक्षित छ भने बाँकी दुई वटा पनि जोखिममा छन्। जलवायु परिवर्तनका कारण बढ्दो तापक्रमले हिमताल बिस्फोट भएको अनुमान गरिएको छ। अस्वभाविक तापक्रम बृद्धिले हिउँ पग्लिने क्रम बढेर जाँदा हिमतालहरू जोखिममा छन्। जोखिममै रहेका मध्येका हिमताल फुटेकाले थामे वस्ती डुब्यो। अर्थात् यस्तो खतराको पूर्वानुमान पहिल्यै गरिएको थियो। जलवायु परिवर्तनको असर देखिनेगरी भइरहेकाले हिमताल फुट्ने भय लामो समयदेखि भइरहेको छ। तर जोखिमको समाधानबारे आवश्यक ध्यान दिइएको पाइएन। यदि जोखिम न्यूनिकरणबारे पूर्वतयारी हुन्थ्यो भने थामेको क्षति यो तहमा हुने थिएन।

तर हिमबाढीको संकट पर्खिएर बसेको पुष्टि शुक्रबारको घटनाबाट भयो। अरू बाढी, पहिलो, डुबान, आगलागी, भूकम्प जस्ता प्रकोपमा पनि बिपत्ति पर्खिएर बस्ने रोग हामीसँग छ। संकट परेका बेला पूर्वतयारीबारे छलफल गर्ने, तर प्रकोपबाट जोगिने पूर्वतयारी नगर्ने प्रवृत्तिबाट हामी सबै परिचित छौं। शुक्रबार थामे बस्ती डुबानमा पर्नु पनि त्यसै मध्येको एउटा घटना हो। तर बस्ती डुबानमा परिसकेपछि अब हामीसँग पुनर्स्थापनाको निम्ति जुट्नुको विकल्प छैन। बरू जोखिममा रहेका अरू हिमतालबाट पुग्नसक्ने क्षति न्यूनिकरणको तयारी गरिनुपर्छ। हिमताल मुनिका बस्ती र खोला किनारका संरचनाहरू जोगाउने तयारी गर्नुपर्छ।

तपाईंको राशिफल

मेष : धेरै लाभको कामना गर्नु हुँदैन। सकारात्मक सोच राख्नुपर्छ।
वृष : घरेलु जिम्मेवारीमा वृद्धि हुनेछ। यात्रा सफल हुनेछ।
मिथुन : दैनिक जीवन सुखी रहनेछ। विरोधी सक्रिय रहनेछन्।
कर्कट : आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ। यश बढ्नेछ।
सिंह : व्यापारिक पक्ष सुदृढ हुनेछ। कृषिजन्य कार्यमा लाभ मिल्नेछ।
कन्या : अचल सम्पत्तिमा वृद्धिको योग छ। राजकीय कार्यहरूमा वृद्धि हुनेछ।
तुला : शैक्षिक कार्यमा प्रगति हुनेछ। श्रीमतीको राम्रो सहयोग पाइनेछ।
वृश्चिक : फाल्तु खर्च हुनेछ। सन्तुलित भोजन गर्न राम्रो हुनेछ।
धनु : काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ। पारिवारिक खुसी प्राप्त हुनेछ।
मकर : आयमा वृद्धि हुनेछ। राजनैतिक कार्यमा रोकावट हुनेछ।
कुम्भ : पारिवारिक जीवन सुखमय रहनेछ। उन्नतिको मार्ग प्रशस्त हुनेछ।
मीन : व्यर्थको यात्रा र परेशानीको योग छ। साहसिक कार्यमा सफलता मिल्नेछ।

आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम।
सानेपा, काठमाडौं, नेपाल,
फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

जनताको दु:ख नदेख्ने सत्ता राजनीति

संघ र प्रदेश सरकारलाई सत्ता मिलाउनमै समय छैन, स्थानीय सरकारसँग बजेट नै पर्याप्त छैन। यस्तो अवस्थामा सरकारप्रति राजनैतिक दलप्रति जनभरोसा कसरी कायम रहन्छ ? यी र यस्ता प्रश्नहरूले गर्दा जनता राजनैतिक दलप्रति निराशा भएका छन्।

अग्रलेख

● गोविन्द विक

नेपाली राजनीति सत्तामुखी मात्रै भएको छैन, सत्ता हत्याउनका लागि सिद्धान्त, दर्शन, विचार र आदर्शलाई तिलाञ्जलि दिएर व्यक्ति केन्द्रित स्वार्थमा रमाइराखेको छ। जुन निरन्तर भइरहेका सत्ता समीकरण फेरबदलका घटनाक्रमहरूले पुष्टि गर्दछन्। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेकपा (एमाले)को समर्थनमा पहिलो पटक प्रधानमन्त्री बनेका थिए। एमालेको समर्थनबाट प्रधानमन्त्रीको स्टेरिङमा बसेर सत्ताको रेल हाँकेका प्रचण्ड स्थिर हुन सकेनन्। एमालेसँगको सत्ताको जुइनो छिनालेर संसदमा प्रमुख पार्टीको रूपमा उपस्थित भएको दल नेपाली काँग्रेससँग सत्ताका लागि कुम जोड्न पुगे। काँग्रेससँग कुम जोडेपछि प्रचण्डको सत्ता यात्रा केही समय चल्यो।

जनतामुखी कामभन्दा पनि भागबन्डा र सत्ताको अर्घेलो मिलाउनमा नै प्रचण्डको समय बित्यो। सत्ता यात्रा चलिरहेकै बेला फेरि प्रचण्डले नेपाली काँग्रेसलाई छोडेर पुनः बाम गठबन्धन ब्युँताउने निहुँमा एमालेसँग सत्ताको कुम जोडन पुगे। काँग्रेससँगको सत्ता यात्रामा काम गर्न नसकिएको हात-खुट्टा बाँधिएको बाघ जतिकै आफू भएको प्रतिक्रिया प्रचण्डले दिए। एमालेसँग सत्ताको यात्रा अगाडी बढाउँदा प्रचण्डले म नमरुन्जेल देशमा उथलपुथल भइरहने अभिव्यक्तिसमेत दिन भ्याए। देशको प्रधानमन्त्रीले जनता र मुलुकको समस्या के हो भन्ने चिन्ता र चासो गर्नुपर्नेमा म रहुन्जेल राजनीतिक उथलपुथल भइरहने भाषण गर्दै हिंड्नु जतिको हास्यास्पद अरू के हुन सक्छ ? ओलीले प्रचण्डलाई विगतमा पनि सत्ताको यात्रामा धोका दिएका हुनाले प्रचण्ड ओलीप्रति निकै संशकित हुँदै सत्ताको यात्रा तय गरिरहेकै थिए। त्यस समयमा पनि प्रचण्डलाई जनमुखी समस्याको चासो र चर्चोभन्दा पनि ओली भड्केलान् भन्ने डर कम गर्ने उपाय खोज्नमै समय बित्यो।

सत्ता समीकरणभित्रका दलहरूको विभिन्न काण्डले मच्चाएको ताण्डवको ढाकछोप गर्नुपर्नेमै प्रचण्डको समय बितेको थियो। गिरीबन्धु, सहकारी यस्तै-यस्तै काण्ड छोप्नुपर्ने विवशताबाट प्रचण्ड पिल्सिराखेका थिए। यता एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई जसरी पनि आफू प्रधानमन्त्री हुनुपर्ने समय घर्किसकेको बेचैन त छँदै थियो भने उता नेपाली काँग्रेसले सत्ता फुत्केको पीडा लुकाउन नसकी सत्तासीन दलहरूप्रति कटाक्ष गरिरहेकै थिए। सहकारी ठगीको आरोपमा मुछिएका तत्कालीन गृहमन्त्री रवि लामिछानेमाथि छानबिन गर्नुपर्ने अडान राखी महिनौं संसद् अवरुद्ध बन्यो। जनताको समस्या त, कता हो कता मुलुकको समस्या कता हो कता महँगी नियन्त्रणको सवाल कता हो, कता दैनिक बिदेसिने युवाको लर्को चलिरहेको छ। त्यसलाई राख्ने कार्यक्रम त कता हो कता, न सत्ता पक्षलाई जनताको दु:खको चिन्ता छ न प्रतिपक्षलाई। सत्ता पक्ष गठबन्धन जोगाउने उपायमै समय पुग्दैन भने प्रतिपक्ष सत्ता कसरी ढाल्ने भन्दै दिन गन्ती सुरु गरिहाल्ने, यसरी नै सत्तामुखी राजनीति चलिरहेको बेला प्रमुख दुई ठुला राजनैतिक दल मिलेर फेरी अर्को सत्ता समीकरणको यात्रा सुरु भयो। वर्तमान सत्ताको स्टेरिङमा केपी ओली छन्। चौथो पटक सत्ताको रेल हाँक्न तम्सिएका ओलीलाई असफल हुने छुट त छैन नै छलछामको राजनीतिलाई पनि निस्तेज पार्नुपर्ने चुनौती पनि त्यत्तिकै छ।

सत्ता स्वार्थमा चुर्लुम्म डुबेको राजनीतिक नेतृत्वबाट प्राकृतिक विपत्मा आहत खेपिरहेका जनताको दु:खमा मलहम लगाउला भन्ने विश्वास मर्दै मात्रै गएको छैन, यस्ता घिनलाग्दा राजनीतिक दोहोरीले आम नागरिकमा वितृष्णासमेत जागिरहेको छ। जब-जब मुलुकमा प्राकृतिक विपत् आउँछ, तब-तब राजनैतिक दलहरू सत्ताको दोहोरीमा रूमालिन्छन्। यो अभ्यास नयाँ हैन पुरानै हो।

कोरोनाकालमा दलहरू सत्ताका लागि दोहोरी खेल्नमा व्यस्त हुँदा राधा सदाहरू भोकसँग लडाइँ गरिरहेका बिर्सन सकिन्न। विपत्ले नागरिकमा विचल्ली बनाएको छ। जतातत‍ै बाढी-पहिरोले जनधनको क्षति दिनहुँ। दिनहुँ हुने सडक दुर्घटनाले सडकको दुरदर्शालाई देखाइरहेको छ भने हवाई दुर्घटना त्यत्तिकै बढ्दा जनता असाध्यै पीडामा छन्। शौर्य एयरलाइन्सको विमान दुर्घटना होस् वा सिमलालमा भएको दुर्घटना सामान्य छैन। यद्यपि, सिमलाल दुर्घटना भएको महिनौं बित्यो, न बस भेटियो न त लास नै भेटिए। विशेषगरी प्राकृतिक विपत्ति यो पहिलो पटक होइन, वर्षौंनी विपत् आइनै रहन्छ तर, कुनै पनि सरकार प्राकृतिक विपतलाई रोकथाम गर्ने पूर्व तयारीका बारेमा न छलफल नै गर्छ न योजना नै बनाउँछ।



प्राकृतिक विपत्बाट भएका क्षतिबाट पाठ सिकेर आगामी वर्षका लागि पूर्व तयारीमा योजनासहित सरकारले काम गर्ने हो भने केही हदसम्म प्राकृतिक विपत्बाट जनतालाई जोगाउन सकिन्छ। दलका उच्च नेतृत्वलाई अहिले पनि जनताको चिन्ता छैन। कुन दलसँग एकता गरेर फेरी कसलाई प्रधानमन्त्री बनाउने भन्ने धाउन्नमा नेतृत्वको समय बित्न थालेको छ। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँगको पार्टी एकता गरी नेपाललाई प्रधानमन्त्री बनाउने जिम्मा लिंदैछन्। नेतृत्वको यस्तै उल्टो-पाल्टो व्यवहारले गर्दा पार्टी सकिएको भेउ नेतृत्वलाई छैन। के दलहरूले भन्ने गरेको सुशासन र समृद्धिको अभ्यास यही हो। संसदमा दलहरू एक-अर्कालाई आक्षेप लगाउने दोहोरी मै व्यस्त भएको उदाहरण त जीवितै छ। जनताका मुद्दालाई संसदमा उठाउँदा सत्तापक्ष र प्रतिपक्षको बार लगाएर सांसदहरू विभाजित भई एक-अर्कालाई औलो उठाउनेभन्दा संसदका अरू केही भएको छैन। आज बाढीले विस्थापित भएकाहरूलाई राहतको कुरा खोइ ? पहिरोले घरबार विहीन भएकाहरूलाई सरकारले ओत दिएको खोइ ? संघ र प्रदेश सरकारलाई सत्ता मिलाउनमै समय छैन, स्थानीय सरकारसँग बजेट नै पर्याप्त छैन। यस्तो अवस्थामा सरकारप्रति राजनैतिक दलप्रति जनभरोसा कसरी कायम रहन्छ ? यी र यस्ता प्रश्नहरूले गर्दा जनता राजनैतिक दलप्रति निराशा भएका छन्।

> *सत्ता पक्षले प्रतिपक्षलाई दोष र प्रतिपक्षले सत्ता पक्षलाई दोष, एक अर्काको कटाक्ष गर्ने, एक-अर्कालाई निषेध गर्ने, एक अर्कामाथि बैमनष्यता थोपर्ने अभ्यासभन्दा बाहेक केही नभएको पछिल्लो राजनीतिक नेतृत्वको व्यवहारले प्रस्ट पारिसकेको छ। जनताको दु:ख र पीडा महसुस गर्न नसक्ने नेतृत्व सुशासन र समृद्धिको नायक कहिल्यै हुन सक्दैन।*

सुशासनका परिभाषा आ-आफ्नै अनुकूल निर्माण गर्न व्यस्त हुने दलका नेतृत्वकर्ता जनस्तरको पीडामा कहिल्यै घोत्लिने गरेनन्। आफै सत्तामा गए सबै ठिक हुने, आफै प्रधानमन्त्री बने सबै ठिक हुने, सुशासन आउने देश र जनताको समृद्धि आइहाल्ने तर, अरू सत्तामा गए देश बर्बाद हुने, अरू प्रधानमन्त्री भए जनताले सुख नपाउने जस्ता मनोगत भ्रुट गत भाष्य निर्माण गर्ने अभ्यासमा राजनीतिक दलका उच्च तह नै लागुन्जेल यो मुलुकमा समृद्धि आउने र जनताले सुख पाउने सपना कहिल्यै पूरा नहुने पक्का नै छ।

सत्ता पक्षले प्रतिपक्षलाई दोष र प्रतिपक्षले सत्ता पक्षलाई दोष, एक अर्काको कटाक्ष गर्ने, एक-अर्कालाई निषेध गर्ने, एक अर्कामाथि बैमनष्यता थोपर्ने अभ्यासभन्दा बाहेक केही नभएको पछिल्लो राजनीतिक नेतृत्वको व्यवहारले प्रस्ट पारिसकेको छ। जनताको दु:ख र पीडा महसुस गर्न नसक्ने नेतृत्व सुशासन र समृद्धिको नायक कहिल्यै हुन सक्दैन।

हाम्रो गन्तव्य कता ?

विचार

● युवराज संग्रौला

हरेक राज्यको एउटा अन्तर्निहित परिदृश्य बनेको हुन्छ र त्यो परिदृश्य अनेक तत्वहरूको 'थुप्रो'को रूपमा रहन्छ। यो 'थुप्रो'लाई समाज मान्ने हो भने नेपाली समाजलाई 'गतिहीन वा अड्किएर बसेको' समाज भन्न सकिन्छ। यो गतिहीन समाजलाई ' ऊर्जाशील र गतिवान् समाज बनाउन' २००७ सालमा राणा शासन फ्याँकेर प्रजातन्त्रको स्थापना गरिएको थियो र २०४६ सालमा यसको पुनर्स्थापना गरिएको थियो। तर, यस व्यवस्थाका चालक (दलहरू) नेपाली समाजलाई गति दिन असफल भए। यो असफलताको विश्लेषण गर्दा बहुआयामिक पद्धतिको अनुसरण गर्नुपर्छ।

पहिला एउटा उपमाद्वारा सुरु गरौं। एउटा जङ्गलमा ब्वाँसाहरूबाट राज्य सञ्चालन हुन्थ्यो, तर शासनको जिम्मेवारी बदलेर साहाकारी जन्तुमा सारियो। तर साहाकारी नै बिस्तारै मांसाहारीमा परिणत भए। तब जन्तुहरू प्रश्न गर्न थाले, यदि मांसाहारीले नै शासन गर्ने हो भने, खोइ त परिवर्तन ? जनताको यो कुरा सुनेपछि ब्वाँसाहरू सिंहलाई भन्ने थाले, उनीहरू पनि मांसाहारी भएपछि राज्य तपाईंले नै किन नगर्ने ? अर्थात् अचेत पशुहरू परिवर्तन होइन स्थायित्वका पक्षधर हुन्छन्। उनीहरू परिवर्तन चाहँदैनन्। गाई गोरु, भैंसी घोडा आदि नयाँ गोठमा बाँधे पनि दाम्लो चुँडाएर पुरानै गोठमा जान्छन्।

नेपाली समाज प्रगतिशीलताको विरोधमा सक्रिय छ। गलत शिक्षाले मान्छेका दिमागमा गलत वा त्रुटि व्याप्त संकथनहरू टम्म भरेको छ। त्यसैले मान्छे परिवर्तन पछाडि पुनः प्रतिगमनको चाहनाबाट प्रेरित हुन थाल्छन्। जब प्रगतिशीलतालाई पुरातनताको लठाराले अड्काउँछ, मान्छेमा देवता, दैव, शक्तिशाली, अहंकारी, मालिक र एकल-प्रमुख बन्ने आकांक्षा जाग्छ र तपस्या र कर्म पनि त्यही आकांक्षाबाट निर्देशित हुन्छ। प्रगतिशीलता र सिर्जनात्मकताका विरुद्ध दुइटा कारणहरूले परिणामको निर्माण गर्न थाल्छन्। १. जनताको परिवर्तनप्रतिको सुषुप्त भय र २. नेताको देवता वा मालिक बन्ने आकांक्षा। यस्तो अवस्थामा समाज चिन्तन बिनाको चिन्ताद्वारा ग्रस्त हुन्छ।

बिचार विहीन समाजमा लोभको हवस्, मोजमस्तिको हवस्, मालिकत्वको हवस्, कन्जम्सन (मदान्द)को हवस्, सत्ताको हवस्, पदको हवस्, धन नामको हवस्, र अफवाहको हवसले मानिस ग्रस्त हुन्छ। यस्ता हवस्ले १) राष्ट्रिय मनोविज्ञान (यो राष्ट्र मेरो पहिचानको स्रोत हो भन्ने भावना, २) देशभक्ति देशको इतिहास र गौरवप्रतिको आस्था, ३) उत्पादकत्व (उत्पादनको अधिक क्षमता जो सिपमा आधारित हुन्छ), ४) सामाजिक एकता र ५) सामाजिक तत्वलाई जलाएर राख बनाउँछ।

यस्तो समाजमा मानिसमा अहंकारको दम्भ भरिन्छ। मानिस व्यक्तिवादी हुन्छ। उपभोग र मदान्द (हेडोनिजम वा मादक आनन्द) उसको जीवनको एकलौटी सोच र चिन्ता बन्छ। यस्तो समाज विशृङ्खल र पथ भ्रष्ट हुन्छ। यस्तो समाजमा आजभोलि नेपालमा जस्तै बालबालिकालाई पनि उपभोक्तावादको नसा दिमागमा भरिन्छ। उसलाई असल मान्छे बन्न होइन बिलासी र ठुलो मान्छे बन्न सिकाइन्छ।

> *वर्तमान समाजको परिवर्तनका लागि राष्ट्रिय भरोसाको निर्माण गर्नका लागि स्वाधीन मनोविज्ञान पुनर्स्थापना, व्यक्तिमा होइन धनमाथि कर लगाउने प्रणाली, नवउदारवाद होइन समाजवादी समतावादमाथि भरोसा र वरीयताहीन योग्यता र सक्षमतामा आधारित सामाजिक संरचनाको निर्माण गर्ने सोच र रणनीतिले मात्र नेपालको विकास सम्भव छ।*

यस्तो समाजमा चार किसिमका स्वार्थी मानिसहरू देखिन्छन्, १. अल्प बुद्धिले जन्माएको दुष्ट बुद्धि बाहक मान्छे (जसलाई नेपालमा पञ्चायतकालमा मन्डले र अहिले भ्रोले तथा अन्धभक्त भनिन्छ)। यी एक किसिमका दास हुन्छन्। यिनमा मदान्धको हवस् किलकिले सम्म भरिएको हुन्छ। २. स्वर्गको हवसग्रस्त यथार्थबाट टाढा भागेका धर्मनन्दहरू र धर्मलाई उपभोक्तावादमा बदलेर धनार्जन गर्ने महाराज र देवी बनेका भेडाका छाला भिरेका फ्याउराहरू। यिनका दिमागमा धनको हवस् हुन्छ तर, यिनका हातमा रिलीजन (धर्म होइन) हुन्छ। ३. स्वार्थका लागि समाजसेवी भएको स्वांङ्ग गर्नेहरू, जो समाजसेवाका नाममा एयर्पोटमा बास बस्छन् र होटेलमा सेमिनारको भोजन गरी, विदेशी मालिको सेवा गर्छन्। ४. बौद्धिकताका नाममा क्रियाशील कामचोरहरू।

यिनलाई चिन्ता हुन्छ, तर यी चिन्तन गर्दैनन्। यी चारै थरी उपभोक्तावादी पुँजीवादका गुमस्ता बेनेका हुन्छन्। यिनले समाजको परिवर्तनलाई लत्त्याउँछन् र सत्ताको परिवर्तनलाई आफ्नो आंकाक्षाको लागि विद्रोहको बिगुल फुक्छन्। नेपालको समस्याको थुप्रोका यी चार थरी कारक हुन्। अतः केवल राजनीति सत्ताको परिवर्तनले मात्र नेपालको वर्तमान समस्याको निदान गर्न सक्दैन।

नेपाल उत्पत्ति देखि आजसम्म अविरल अस्तित्वशील स्वाधीन देश हो। तर, १८१६ पछि नेपालले आफ्नो स्वनिर्णयको प्रयोग गर्न अवरोधको सामना गर्दै आएको छ। नेपाली जनता आफ्नो स्वनिर्णयको लागि लडिरहेका छन्, तर उनीहरू विदेशीको निरन्तर हस्तक्षेप र प्रभुत्वको सामना गरी रहेका छन्। हस्तक्षेपका गोटी बनेका छन्, थुप्रै नेता, थुप्रै कर्मचारी, थुप्रै कथित दही चिउरे विद्वान र अन्धभक्त युवा। यो समस्याको समाधान बिना नेपालको विकास सम्भव छैन।

नेपालको समग्र वित्त तन्त्र केही वित्त पुँजीवादी राष्ट्रिय स्वार्थ विरोधी व्यापारीको हातमा छ र वर्तमान भोट तन्त्र यिनै व्यापारीको सेवा गर्छ। बैङ्क, बिमा, पुनर्बिमा, आयात निर्यात, निर्माण, शिक्षा र स्वास्थ्य सेवा यिनका हातमा छ। देशको वित्तीय व्यवस्थालाई सार्वजनिक अर्थतन्त्रको मातहतमा नल्याई देशको विकास सम्भव छै। कथित धर्मका नाममा देशमा 'पुरोहितवाद'ले समाजको संरचनालाई वैदिक र बुद्ध दर्शनले निर्माण गरेको विज्ञान, बोध ज्ञान, र तर्क शास्त्रका विरुद्ध धर्मका नाममा सामाजिक वरियतामा आधारित बनाएको छ। पुरुष तल महिला, बाहुन तल जैसी, जैसी तल क्षेत्री, क्षेत्री तल शिल्पीको बरीयता समाप्त नगरी सामाजिक समता निर्माण गर्न सकिन्न।

अतः वर्तमान समाजको परिवर्तनका लागि राष्ट्रिय भरोसाको निर्माण गर्नका लागि स्वाधीन मनोविज्ञान पुनर्स्थापना, व्यक्तिमा होइन धनमाथि कर लगाउने प्रणाली, नवउदारवाद होइन समाजवादी समतावादमाथि भरोसा र वरीयताहीन योग्यता र सक्षमतामा आधारित सामाजिक संरचनाको निर्माण गर्ने सोच र रणनीतिले मात्र नेपालको विकास सम्भव छ। अतः सामाजिक नागरिक तन्त्रका लागि विहङ्गम चेतना नै अबको राजनीतिको मूलधार हो र गन्तव्य पनि। अतः अब क्रान्तिभित्र क्रान्तिको समय हो।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ। – सं.

अफ्रिकामा जनवरीदेखि १८ हजार बढीमा एमपक्स संक्रमण

काठमाडौं/एजेन्सी– एकै हप्तामा १ हजार २ सय जनामा एमपक्स संक्रमण प्रमाणित भएसँगै सन् २०२४ को जनवरीदेखी अफ्रिकामा कुल १८ हजार ७३७ जनामा भाइरसको संक्रमण फेला परेको अफ्रिकी युनियन स्वास्थ्य एजेन्सीले शनिबार जनाएको छ ।

स्वास्थ्य विभागको तथ्यांकअनुसार भाइरसको तीनवटा भेरियन्ट छन् जसमध्ये एउटा अधिक घातक, अधिक संक्रमक 'क्लेड -१ बी' हो । पछिल्लो समय बढिरहेको एमपक्स संक्रमणलाई विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले बुधबार अन्तर्राष्ट्रिय स्वास्थ्य आपतकाल घोषणा गरेको थियो ।

हालसम्म १२ अफ्रिकी सदस्य राष्ट्रहरूबाट तीन हजार १०१ घटनाहरु पुष्टि हुनुका साथै संक्रमणका कारण ५ सय ४१ जनाको मृत्यु भएको रोग नियन्त्रण र रोकथामका लागि अफ्रिका केन्द्र (सीडीसी)ले विज्ञप्तिमार्फत जनाएको छ ।

संक्रमणबाट सबैभन्दा बढी प्रभावित देश कंगोमा सन् २०२३ सेप्टेम्बरमा पहिलो पटक भाइरसको नयाँ 'क्लेड-१ बी' भेरियन्ट पत्ता लागेको थियो जहाँ १ हप्तामा एक हजार पाँच जनामा संक्रमण पुष्टि भएकोमा २४ जनाको मृत्यु भएको थियो ।

लगभग दश करोड मानिस बसोबास गर्ने डीआरसीका सबै प्रान्तमा संक्रमणका घटनाहरू दर्ता भएका छन् । यसैगरी छिमेकी बुरुन्डीमा एमपक्सको १७३ केश रिपोर्ट गरिएको छ । अफ्रिका बाहिर स्विडेन र पाकिस्तानमा पनि यस हप्ता एमपक्स संक्रमण फेला परेको छ ।

यसै सन्दर्भमा डब्ल्यूएचओको आपतकालीन समितिले सम्बन्धित निकायसँग खोप उत्पादन बढाउन आह्वान गरेको छ । एमपक्स एउटा भाइरल रोग हो जुन जनावरबाट मानिसमा फैलिन सक्छ, भने शारीरिक सम्पर्कको माध्यमबाट मानिसमा फैलिन सक्छ । यसका लक्षणहरूमा ज्वरो, मांसपेशी दुख्ने र छालामा ठुला फोका जस्ता घाउहरू आउने हुन्छ ।

यसैबीच डब्लुएचओले शुक्रबार एमपक्स भाइरसको थप खतरनाक भेरियन्टको फैलावटलाई नियन्त्रण गर्न खोपको उत्पादन बढाउन उत्पादकहरुलाई आग्रह गरेको छ ।

डब्लुएचओले प्रजातान्त्रिक गणतन्त्र कंगोबाट शुरु भएर अन्य देशमा फैलिएपछि एमपक्सलाई बुधबार दुई वर्षमा दोस्रोपटक विश्वव्यापी सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको हो । 'एमपक्सको प्रकोपलाई नियन्त्रण गर्न हामीलाई साच्चै नै खोपको उत्पादन बढाउन आवश्यक छ,' डब्ल्यूएचओकी प्रवक्ता मार्गरेट ह्यारिसले पत्रकारहरूलाई भनिन् ।

डब्लुएचओले एमपक्स खोपको भण्डार भएका देशलाई हाल प्रकोप फैलिएको देशलाई वितरण गर्न आग्रह गरिरहेको छ । हालैका वर्षहरूमा डेनमार्कको औषधी उत्पादक बवेरियन नर्डिकद्वारा उत्पादित एमभीए-बीएन र जापानको एलसी१६ गरी दुई प्रकारका एमपक्स विरुद्धको खोप प्रयोग भइरहेको छ ।

ह्यारिसले ५ लाख एमभीए-बीएन खोप हाल भण्डारमा रहेको र आवश्यकता अनुसार २४ लाख खोप तत्काल उत्पादन गर्न सकिने बताएकी छन् । सन् २०२५ का लागि खरिद अनुरोधमा थप १ करोड खोप उत्पादन गर्न सकिने उनले बताइन् ।

'एलसी१६ खोपको भने व्यावसायीकरण गरिएको छैन । यो जापान सरकारको तर्फबाट उत्पादन गरिएको हो । यस खोपको पर्याप्त भण्डार छ,' ह्यारिसले भनिन् । डब्ल्यूएचओले एलसी१६ खोपको वितरणका लागि टोकियोसँग सहकार्य गरिरहेको बताएको छ । 'द डक्टर्स विदाउट बोर्डर्स च्यारिटी'नामक संस्थाले खोपको भण्डार भएका तर भाइरसको कुनै प्रकोप नभएका देशहरूले अफ्रिकाका प्रभावित देशलाई सकेसम्म धेरै खोप वितरण गर्न आग्रह गरेको छ ।

यसले बवेरियन नर्डिकलाई एमपक्स संक्रमण फैलिएको अधिकांश देशका लागि एमभीए-बीएन खोप पहुँच बाहिर रहेको भन्दै मूल्य घटाउन समेत आग्रह गरेको छ । विश्वको सबैभन्दा ठुलो मानवीय सञ्जाल 'इन्टरनेशनल फेडेरेसन अफ रेड क्रस एन्ड रेड क्रिसेन्ट सोसाइटी' (आइएफआरसी)ले एमपक्स संक्रामक देशहरुले भाइरससँग जुध्न चुनौती सामना गरिरहेको बताएको छ ।

आइएफआरसीका वरिष्ठ जनस्वास्थ्य आपतकालीन अधिकारी ब्रोन्विन निकोलले अधिकांश खोप धनी देशसँग रहेको र अहिलेसम्म अफ्रिकामा पठाइएका खोपहरू प्रकोप नियन्त्रणका लागि पर्याप्त नभएको बताए ।

'महाद्वीपभरी परीक्षण, उपचार र खोपको गम्भीर अभाव छ । यी अभावहरूले प्रकोप नियन्त्रणमा बाधा पुऱ्याइरहेका छन्,' उनले भने ।

डब्लुएचओले सन् २०२२ मा पनि ७० भन्दा बढी देशमा फैलिएपछि मंकीपक्स भनेर चिनिने एमपक्सलाई विश्वव्यापी आपत्काल घोषणा गरेको थियो । यस वर्ष १० अफ्रिकी राष्ट्रमा एमपक्स पत्ता लागेको रोग नियन्त्रण र रोकथामका लागि डब्लुएचओका अफ्रिकी केन्द्रहरूले गत हप्ता बताएका छन् ।

'एमपक्सको संक्रमण अफ्रिकाभित्र र त्योभन्दा बाहिर फैलन सक्ने सम्भावना रहेकाले यो चिन्ताजनक अवस्था हो,' डब्लिएचओका प्रमुख टेड्रोस एड्हानोम गेब्रेयसस भने । प्रकोपलाई नियन्त्रण गर्न एक समन्वयकारी अन्तर्राष्ट्रिय प्रतिक्रिया आवश्यक रहेकोमा उनले जोड दिएका छन् ।

युद्धविराम सम्झौताका लागि प्रयास जारी : हमास नेता

काठमाडौं/एजेन्सी– अमेरिकी राष्ट्रपति जो बाइडेनले कतारको खाडी क्षेत्रमा भएको वार्तापछि गाजामा युद्ध रोक्न 'युद्धविराम' सम्झौता नजिक पुगेको भन्ने खबरलाई शनिबार हमासका वरिष्ठ नेता सामी अबु जुहरीले खण्डन गर्दै यसका लागि प्रयासहरू जारी रहेको बताएका छन् ।

हमासका राजनीतिक विभागका सदस्य जुहरीले एएफपीसँग भने, 'हामी सम्झौताको नजिक पुगेका छौं भन्नु भ्रम हो । हामी कुनै सम्झौता वा वास्तविक वार्ताको सामना गरिरहेका छैनौं, बरु अमेरिकी आदेशको सामना गरिरहेका छौं ।'

बाइडेनद्वारा शुक्रबार सार्वजनिक टिप्पणीको जवाफमा उनले भने, 'हामी पहिलेभन्दा धेरै नजिक छौं ।' इजरायल र प्यालेस्टिनी हमास लडाकूबीचको मतभेद कम गर्न वासिङ्टनले कतारमा दुई दिनसम्म चलेको वार्तापछि बाइडेनले उक्त कुरा बताएका थिए । गाजा पट्टीमा दुई पक्षबीच १० महिनाभन्दा बढी समयदेखि युद्ध चलिरहेको छ ।

महिनौंसम्म चलेको युद्धविराम वार्ताको क्रममा विगतमा सिर्जना भएका आशाहरू अहिलेसम्म निरर्थक साबित भएका छन् । लेबनानको इरान समर्थित हेजबुल्लाह आन्दोलनका प्रमुख फुआद शुकर र हमासका राजनीतिक प्रमुख इस्माइल हनियाहको जुलाईको अन्त्यमा भएको हत्यापछि यो खतरा अझै बढेको छ ।

उनीहरूको मृत्युपछि हेजबुल्लाह, इरान र यस क्षेत्रका तेहरान समर्थित अन्य समूहहरूबाट प्रतिशोधको चेतावनी जारी गर्दै यस आक्रमणका लागि इजरायललाई दोषी ठहराइएको छ । पश्चिमा र अरब कूटनीतिज्ञहरू गाजा सम्झौताका लागि दबाब दिन र व्यापक द्वन्द्व टार्नका लागि मध्यपूर्वमा छलफल गरिरहेका छन्। छलफलले व्यापक क्षेत्रीय द्वन्द्व टार्न मद्दत गर्ने उनीहरूको भनाइ छ । अमेरिकी बाइडेन सरकारका विदेशमन्त्री एन्टोनी ब्लिन्केन सम्झौतालाई अन्तिम रूप दिन शनिबार इजरायल जाने कार्यक्रम छ ।

चीनको युवा बेरोजगारी दरमा वृद्धि

काठमाडौं/एजेन्सी– चीनको युवा बेरोजगारी दर जुलाई महिनामा बढेर १७.१ प्रतिशत पुगेको आधिकारिक तथ्यांकले देखाएको छ जुन यस वर्षकै सबैभन्दा उच्च हो । राष्ट्रिय तथ्यांक विभागको तथ्यांकअनुसार १६-२४ वर्ष उमेर समूहका मानिसहरुको बेरोजगारी दर जुन महिनामा १३.२ प्रतिशत रहेको थियो ।

युवाहरूमा बढ्दो बेरोजगारी विश्वको अर्थतन्त्रले सामना गरिरहेको अवरोधहरू मध्ये एउटा हो । एनबीएसले सार्वजनिक गरेको तथ्यांकअनुसार देशमा २५-२९ वर्ष उमेरका युवामा बेरोजगारी दर अघिल्लो महिना ६.४ प्रतिशतबाट बढेर जुलाईमा ६.५ प्रतिशत पुगेको छ ।

यसै सन्दर्भमा राष्ट्रपति सी जिनपिङले मे महिनामा बढ्दो युवा बेरोजगारीको अवस्थालाई शीर्ष प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्ने बताएका छन् ।

जुन महिनामा ११.८ मिलियन विद्यार्थीहरूले चीनको विश्वविद्यालयबाट स्नातक गरेसँगै रोजगार बजारमा अझै प्रतिस्पर्धा बढेको छ ।

नाइजेरियामा २० मेडिकल विद्यार्थी अपहरित

काठमाडौं/एजेन्सी– पूर्वी नाइजेरियामा वार्षिक अधिवेशनमा जाँदै गरेका २० मेडिकल विद्यार्थीहरू अपहरणमा परेका प्रहरी र विश्वविद्यालय स्रोतले जनाएका छन् । क्याथोलिक मेडिकल एण्ड डेन्टल स्टुडेन्ट्सको महासंघले शनिबार जारी गरेको विज्ञप्तिमा विहीबार साँझ विद्यार्थीहरू एनुगु शहरमा सम्मेलनमा सहभागी हुन जाँदै गर्दा अपहरण भएको जनाएको छ । 'नाइजेरियन मेडिकल स्टुडेन्ट्स एसोसिएसन'का महासचिव फर्च्युन ओलेले भने, 'मैदुगुरी र जोस विश्वविद्यालयका २० विद्यार्थी र उनीहरूसँगै यात्रा गरिरहेका एक डाक्टर अपहरणमा परेका छन् । उनीहरुको रिहाइको बदलामा फिरौती मागिएको छ ।'

नियमित रूपमा हमला र अपहरणको निशानामा रहने गरेको एनुगुबाट १५० किलोमिटरभन्दा कम दूरीमा रहेको ओतुक्पो सहर नजिकैको सडकबाट विद्यार्थीहरूलाई अपहरण गरिएको थियो ।

बेनु राज्यको प्रहरी जनसम्पर्क अधिकारी क्याथरिन एनेनले पनि अपहरणको पुष्टि गरेका छन् । नाइजेरियाले गम्भीर आर्थिक सङ्कटका कारण अपहरणमा उल्लेखनीय वृद्धिको सामना गरिरहेको छ । राष्ट्रपति बोला अहमद टिनुबु सत्तामा आएकादेखि नाइजेरियामा चार हजार ७७७ अपहरणजन्य अपराधका मुद्दाहरू दर्ता भएका छन् ।

थाइल्याण्डका पूर्वप्रधानमन्त्री थाक्सिनलाई आममाफी

काठमाडौं/एजेन्सी- थाइल्यान्डका राजाद्वारा पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रालाई शनिबार आममाफी दिइएको छ । राजा महा वजिरालोङकोर्नले आफ्नो जन्मदिनको उपलक्ष्यमा आममाफी दिएका हजारौं व्यक्तिमध्ये ७५ वर्षीय धनाड्य पूर्वप्रधानमन्त्री सिनावात्रा पनि एक हुन् र

थाक्सिन १५ वर्षको आत्मनिर्वासनपछि झण्डै एक वर्षअघि स्वदेश फर्केपछि भ्रष्टाचार र शक्तिको दुरुपयोग गरेको अभियोगमा आठ वर्षको जेल सजाय सुनाइएको थियो । राजा वजिरालोङकोर्नले उनको सजाय कटौती गरी एक वर्षमा सीमित गरिदिएका थिए भने उमेर र खराब स्वास्थ्यको कारण उहाँलाई आवश्यक परेको समय उपस्थित हुने शर्त (प्यारोल)मा रिहा गरिएको थियो ।

थाक्सिनका वकिल चाटमोन्ट्रीले सरकारी राजपत्रमा आममाफीको घोषणा गरिएको र आममाफी पाउने हजारौं व्यक्तिमध्ये दुई पटक प्रधानमन्त्री भइसकेका थाक्सिन पनि रहेको बताए । 'शाही घोषणाबाट माफी पाउने हजारौं थाइमध्ये पूर्वप्रधानमन्त्री सिनावात्रा एक व्यक्ति रहनुभएको छ,' उनले आफ्नो व्यक्तिगत फेसबुक अकाउन्टमा लेखेका छन् ।

'उहाँलाई जेलमुक्त गरिएको कागजात आवश्यक कानुनी प्रक्रियापछि छिट्टै प्राप्त गर्नुहुनेछ,' सन्देशमा लेखिएको छ ।

शनिबार प्रकाशित शाही राजपत्रमा भनिएको छ, 'राजाले ती माफी पाएका सबैजनालाई आफूलाई सुधार्ने र देशलाई फाइदा पुऱ्याउने अवसर दिनुभएको छ ।'

राजा वजिरालोङकोर्नले जुलाईको अन्त्यमा आफ्नो ७२ औं जन्मदिन मनाएको करिब एक महिनापछि असल आचरण भएका कैदीहरूलाई माफी दिइएको हो ।

यसअघिको शाही आदेश अनुसार पूर्वप्रधानमन्त्री सिनावात्रा ३१ अगस्टमा रिहा हुनुपर्ने थियो । थाई संसदले शुक्रबार थाक्सिनकी ३७ वर्षीया छोरी पाएटोङ्तार्न सिनावात्रालाई प्रधानमन्त्रीमा अनुमोदन गरेको थियो ।

उनी राज्यको सबैभन्दा कान्छी प्रधानमन्त्री हुन् र आफ्ना बुबा र फुपु यिङलकपछि यो पद सम्हाल्ने सिनावात्रा परिवारका तेस्रो सदस्य हुन् । राज्यको संवैधानिक अदालतले पूर्व प्रधानमन्त्री श्रेता थाभिसिनलाई बर्खास्त गरेपछि पाएटोङ्तार्नलाई प्रधानमन्त्री बनाइएको हो ।

साउदीमा रोजगार | कम्पनी: GULF ASIA CONTRACTING COMPANY
शहर: Saudi Arabia, Dahran

पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३६९९ LT. No.: 309098

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रू.							
1.	Labour	35	0	सम्बन्धित काममा दक्ष	1000	३५,७१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Scaffolder	40	0		1200	४२,८५२							

अन्तर्वार्ता तिलोतमा इन्स्टिच्युट अफ ट्रेनिङ सेन्टर, बुटवल, रूपन्देही / बुटवल मल्टिपल ट्रेनिङ सेन्टर, रूपन्देहीमा २०८१ भदौ ९ गते (25 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता गजराज ट्रेनिङ सेन्टर, नेपालगन्ज, बाँकेमा २०८१ भदौ ११ गते (27 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता पिआइटी ट्रेनिङ सेन्टर, रमानन्द चोक, जनकपुर, धनुषामा २०८१ भदौ १२ गते (28 August 2024) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	निःशुल्क

नोटः- Labour को लागि Mason, Carpenter, steel fixer मा अनुभव भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AMBE INTERNATIONAL H.R. NEPAL PVT. LTD.
साविकको नाम : (GLOBAL MANPOWER SOLUTIONS PVT. LTD.)
Govt. Lic. No.: 1645/080/081
P.O. Box:3355 | Samakhushi, Kathmandu, Nepal
Email: ambeintnepal@gmail.com
Phone : +977 01 5904717 | 9767232692 | 9823904717 | 9823904718, 9823904719

"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"
हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :- २०८१।०५।०२

यस गाउँपालिका अन्तरगत तपसिल निर्माण कार्यका लागि मिति २०८१/०२/११ र मिति २०८१/०२/३१ मा प्रकाशित बोलपत्र/ ठेक्का आव्हानको सूचना अनुसार तपसिल बमोजिमको शिलबन्दी बोलपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

क्र.स.	ठेक्का नं	योजनाको नाम	स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण	घटी कबोल गरेको रकम रु (मु अ कर समेत)
1	HRM/WORKS/ROADS/NCB/17-080/81	Construction Of Blacktopped Road at Dhanush Pokhari -Haldibari Rural Municipal Office- DhadarPada Chowk (Ch 0+265 to 1+400 m) at Haldibari Rural Municipality.	KKR Construction Pvt. Ltd, Jhapa-02, Jhapa	1,22,83,016.41
2	HRM/WORK/ROAD/NCB/18-080/81	Construction of Slab Culvert at (ward no 1 Itabhatta Daschid & Ward no 2 Ncell Tower Paschim) at haldibari Rural Municipality	Bishal and Bibek Nirman Sewa, Haldibari-1, Jhapa	34,64,830.5

बक्स अफिस समाचार

कतारमा भिटेनले दिए दमदार प्रस्तुति

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १ भदौ

चर्चित र्‍यापर भिटेनले कतारमा आफ्नो प्रस्तुति दिएका छन् । भिटेनले दोहाको टोयोटा सिङ्गल नजिक रहेको 'इन्फिनिटी क्लब'मा बिहीबार राति प्रस्तुति दिए । उनले प्रस्तुति दिँदै गर्दा निकै सरलरूपमा पेस भए । आफ्ना सबै हिट गीतहरू गाएका भिटेनले बीच-बीचमा आफ्ना जीवनका भोगाइ प्रशंसकसँग साट्दै हलमा उपस्थितलाई सकारात्मक काम गर्न सुझावसमेत दिए ।

फरक-फरक गीत संगीतको आफ्नो महत्व हुने बताउँदै र्‍यापरहरुलाई गलत नजरले हेर्ने गरेकोप्रति लक्षित गर्दै उनले आफूले पनि अरूको जीवनलाई देखेर सिक्दै अगाडि बढेको धारणा राखे । क्लबमा उपस्थित आफ्ना प्रशंसकलाई ग्याङ बनाएर मनोरञ्जन लिन आग्रह गर्दै उनले ग्याङ भनेको समूह हो, समूहले धेरै राम्रो काम गर्न सकिने हुँदा ग्याङ भन्दैमा कसैले नराम्रो बुझ्न नहुने धारणा राखे ।

बिहीबारको शो भव्यरूपमा सफल भएसँगै शुक्रबार राति पनि भिटेनले ग्रान्ड रिगल होटेलमा अवस्थित अर्मानी एक्स लञ्ज एन्ड बारमा प्रस्तुति दिए । बिहीबारभन्दा शुक्रबारको कार्यक्रममा दर्शक उच्च देखिए । हामी यस्तै त हो नि ब्रो, यात्रा, सिमसिमे पानी जिस्किने नानी, गल्ली सडक, चुरोट, माफ गरिदेऊ आमा, थाहा छैनलगायतका गीतहरू गाए । उनले शुक्रबार मध्यरातसम्म प्रस्तुति दिएर सकेपछि दर्शकसँग सेल्फीसमेत खिचे भने मदिरा सेवन गरेर सवारी नचलाउन आग्रह गरे । बिहीबार र शुक्रबारका दुवै कार्यक्रममा भिटेनले आफू आजभन्दा भोलि राम्रो हुन कोसिस गरिरहेको विचार राखेका थिए ।

दुवै कार्यक्रमलाई रोशन अर्याल र साना महर्जनले मिलेर सञ्चालन गरेका थिए भने सागरसहित महर्जन र अर्याललेसमेत प्रस्तुति दिएका थिए । इन्फिनिटी र अर्मानी क्लब रमेश केसी (तनहुँ) र सन्दीप भट्टराई (उदयपुर)ले मिलेर सञ्चालनमा ल्याएका हुन् । सञ्चालकहरूले पछिल्लो एक सालयता दर्जनौं कलाकार ल्याएर भव्य सांगीतिक प्रस्तुतिसहित मनोरञ्जन प्रदान गरिरहेका छन् ।

अभिनेत्री थिन्ले लोकार्नो चलचित्र महोत्सवमा पुरस्कृत



काठमाडौं/मस– मीनबहादुर भाम निर्देशित चलचित्र 'शाम्बाला'ले स्वीट्जरल्यान्डमा जारी विश्वप्रसिद्ध लोकार्नो चलचित्र महोत्सव'को ७७औं संस्करणमा पुरस्कार (अवार्ड) जित्न सफल भएको छ । उक्त चलचित्रमा अभिनय गरेकी अभिनेत्री थिन्ले ल्हामोले 'बोक्कालिनो डिओर' पुरस्कार जितेकी हुन् ।

अभिनेत्री ल्हामोले 'उत्कृष्ट अभिनय प्रस्तुति' विधामा जितेको पुरस्कारले नेपालका प्रतिभाशाली र उदीयमान कलाकारलाई प्रेरणा प्रदान गर्ने निर्देशक भामले बताए । उनले भने, 'यस महोत्सवको महत्वपूर्ण पुरस्कारमध्येको एक नेपाली कलाकारले पाउनुले विश्वव्यापी मञ्चमा दक्षिण एसियाको बढ्दो प्रभावको उदाहरणका रुपमा लिन सकिन्छ ।' उनले यो सफलता नेपालका चलचित्रकर्मी, हिमाली क्षेत्रका प्रेरणादायी, सबल तथा ऊर्जाशील महिला र विश्व समुदायप्रति समर्पण गर्न चाहेको बताए ।

नेपालको पश्चिमी हिमाली क्षेत्रमा प्रचलित बहुपतिप्रथाको कथा प्रस्तुत गरिएको उक्त चलचित्रमा अभिनेत्री ल्हामोसँगै सोनम तोप्द्न, तेन्जिङ डल्हाल, कार्म शाक्यलगायत कलाकारले अभिनय गरेका छन् । उच्च हिमाली गाउँकी एक गर्भवतीलाई श्रीमान्ले छाडेपछि आफ्ना देवरलाई लिएर उनको खोजीमा हिँडेको कथालाई निर्देशक भामले लेखक अविनाश विक्रम शाहसँग मिलेर लेखेका हुन् । यसमा मौलिकपना नहराओस् भनेर नेपालीसँगै तिब्बतको भाषा प्रयोग गरिएको छ ।

डोल्पाको चार हजार दुई सयदेखि छ हजारसम्मको उचाइमा छायाँकन गरिएको उक्त चलचित्रले गत साउन २३ देखि शनिबारसम्म चलेको महोत्सवमा अन्तर्राष्ट्रिय चलचित्रको 'पियाजा ग्राण्डे' विधामा प्रतिस्पर्धा गरेको छ ।

माधवीको स्वरमा 'माइतै रमाइलो' सार्वजनिक

12 TWELVE NOTES
माइतै रमाइलो
A VIDEO BY NIKESH KHADKA
OFFICIAL MUSIC VIDEO

काठमाडौं/मस– हिन्दु महिलाहरुको महान् पर्व तिज नजिकिएसँगै यतिबेला तिजका म्युजिक भिडियोहरु सार्वजनिक हुने क्रम बढेको छ । यसैक्रममा गीतकार शीतल कादम्बिनीको शब्द रचनामा 'माइतै रमाइलो' बोलको तिज गीत सार्वजनिक भएको छ ।

हरि लम्सालको संगीत, गायिका माधवी अर्यालको स्वरमा रहेको 'माइतै रमाइलो' गीतको भिडियोमा माइतीमा तिज मनाउँदा हुने रमाइलो पक्षलाई चित्रित गरिएको छ । केकी अधिकारीलगायतको अभिनय रहेको मौलिक तिज गीत 'माइतै रमाइलो'को भिडियो निकेश खड्काले निर्देशन गरेका हुन् भने हरि हुमागाईंले खिचेका हुन् ।

'हुक्काभित्र ट्वार्र ! ट्वार्र !' सार्वजनिक

रामबाबु सुवेदीको सिर्जना
हुक्काभित्र ट्वार्र ! ट्वार्र !
निर्देशक आचार्य गोपाल
DELL

काठमाडौं/मस– गीतकार रामबाबु सुवेदीका शब्द र वसन्त सापकोटाको संगीतमा बालगीत 'हुक्काभित्र ट्वार्र ! ट्वार्र !' को श्रव्यदृश्य सार्वजनिक भएको छ । 'हुक्काभित्र ट्वार्र ! ट्वार्र !' चेतनामूलक बालगीत हो । यसमा हाम्रा नानीबाबुहरू प्रश्न गर्छन् कि तमाखु, चुरोट, खैनी किन सेवन गर्ने ? यी सबै स्वास्थ्यका लागि हानिकारक छन् । उनीहरू भन्छन्, 'हामी नानीबाबुहरू अम्मली छैनौं, हामी स्वस्थ नेपालका स्वस्थ बालबालिका हौं । नानीबाबुहरूका सत्य भनाइ हाम्रा लागि अचुक वाण हुन्,' भिडियोमा भनिएको छ ।
बाल नमूना माध्यमिक विद्यालयमा शुक्रबार भएको एक कार्यक्रममा पूर्वसांसद माया ज्ञवाली, ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति केके कर्माचार्य, वरिष्ठ संगीतकार एवम् गायक रामेश श्रेष्ठ र अनन्त वाग्लेलगायत बालसाहित्यकारको उपस्थितिमा उक्त भिडियो सार्वजनिक गरिएको हो । उक्त भिडियोमा पूजा देवकोटा, दर्शिल पन्त, टेरेसा विश्वकर्मा र प्रशन्न तामाङको स्वर रहेको छ भने यसको निर्माणमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सहयोग गरेको छ । भिडियोमा बाल नमूना माध्यमिक विद्यालयका नानी बाबुहरूको नृत्य र अभिनय छ । आचार्य गोपालको निर्देशनमा बनेको भिडियोमा ख्यातिप्राप्त कलाकार रामचन्द्र अधिकारीले पनि अभिनय गरेका छन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०५/०२

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको क्रेडिट कार्ड सुविधाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने रकम नतिरी नुबझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जा साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा स बैंकमा रहेका सम्पूर्ण ऋणी कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो **३५ (पैंतिस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस)** दिनभित्र बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबीच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारबाही अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीहरुको विवरण	ऋणीहरुको विवरण
१) ऋणी : **सुरेन्द्र श्रेष्ठ** (ना.प्र.नं. ३५२५७, मिति, २०६२/०२/१३ मा जि.प्र.का. ललितपुरबाट जारी भएको) ठेगाना : निर्मलबस्ति २०, ललितपुर, बाबु : हरि गोपाल श्रेष्ठ, बाजे : श्रीगोपाल श्रेष्ठ	२) ऋणी : **प्रमिश महर्जन** (ना.प्र.नं. ६९१०७ मिति २०५१/०८/१९ मा जि.प्र.का. ललितपुरबाट जारी भएको) ठेगाना : ठैब बाँडेगाँउ ०३, गोदाबरी, बाबु : अम्बर महर्जन, बाजे : ग्यानमान महर्जन
३) ऋणी : **रोशन लोहनी** (ना.प्र.नं.१०३२/१३५०, मिति २०६९/०५/२४ मा जि.प्र.का. चितवनबाट जारी भएको) ठेगाना : पटिहानी ०५, चितवन बाबु : गँगा बहादुर लोहनी, बाजे : चन्द्र बहादुर लोहनी	४) ऋणी : **अजय खतिवडा** (ना.प्र.नं. ३०१०१८/१७९२२४, मिति २०६६/०१/१५ मा जि.प्र.का. काभ्रेबाट जारी भएको) ठेगाना : गैरी विसौना देवपुर ०७, काभ्रे बाबु : बिचारी खतिवडा, बाजे : पिताम्बर खतिवडा
५) ऋणी : **निलिमा न्यौपाने** (ना.प्र.नं. १०६००२, मिति २०६०/०८/१४ मा जि.प्र.का. गोरखाबाट जारी भएको), ठेगाना : फुजेल ०५,गोरखा बाबु : निलकण्ठ न्यौपाने, बाजे : मोतिलाल न्यौपाने	६) ऋणी : **मनोज कुमार आर्चाय** (ना.प्र.नं.८३२४१५४८, मिति २०४८/०५/२६ मा जि.प्र.का. सर्लाहिबाट जारी भएको), ठेगाना : भतिपुर ०८ सर्लाहि बाबु : माधव प्रसाद आर्चाय, बाजे : डिल्लिराम आर्चाय
७) ऋणी : **नरोत्तम कठायत** (ना.प्र.नं.६५१८, मिति २०५१/०८/१० मा जि.प्र.का.दमकबाट जारी भएको), ठेगाना : तोपगाँछि ०८, झापा बाबु : खड्ग बहादुर कठायत, बाजे : दुर्गा बहादुर कठायत	८) ऋणी : **पुजा थापा** (ना.प्र.नं.३५/०१/७०/००१८७, मिति २०७०/०९/०८ मा जि.प्र.का.चितवनबाट जारी भएको), ठेगाना : कल्याणपुर ०४, चतवन बाबु : नरेश बहादुर थापा क्षेत्री, बाजे : सुरेश बहादुर थापा
९) ऋणी : **नबराज तामाङ्ग** (ना.प्र.नं.२४३०११/४९, मिति, २०६३/११/१६मा जि.प्र.का.सिन्धुपालचोकबाट जारी भएको), ठेगाना : बाह्रबिसे ०६, सिन्धुपालचोक, बाबु : फुर्बा तामाङ्ग, बाजे : मङरसिङ्ग तामाङ्ग	१०) ऋणी : **प्रमोद आचार्य** (ना.प्र.नं.२४/८२९, मिति २०५९/०३/२६ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको), ठेगाना : पशुपतिनगर ०९, हेटौडा बाबु : रामजी आचार्य, बाजे : चिरञ्जीवी आचार्य

हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँचथर, कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृति गर्ने आशयको ७ (सात) दिने सूचना

सूचना प्रकाशित मिति : २०८१/०५/०२

मिति २०८१/०४/०६ गतेको मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित आर्थिक प्रस्ताव खोल्ने ७ (सात) दिने सूचना अनुसार प्राविधिक मूल्यांकनमा सफल भएका बोलपत्रदाताहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको आर्थिक बोलपत्र न्यूनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	योजनाको विवरण	स्वीकृत हुने फर्मको नाम	कबोल अंक रुः (भ्याट र P.S. रकम बाहेक)
HRM/NCB/ WORKS/080/081/04	Construction of Administrative Building	Bhawana/Lo JV, Chandragiri-12, Kathmandu, Nepal	6,91,50,684.44

बोधार्थः
1. B and B/ NCPL/SMB JV, Birtamode, Jhapa
2. S.A.S. Construction Pvt. Ltd, Biratnagar–16, Morang
3. Kanchanjuga–Boudha JV, Ilam–7, Ilam
4. BK SONS/ B BUILD JV, Taplejung
5. Marga Devi Nirman Sewa Pvt. Ltd., Dilibazar, Kathmandu

नि.प्रमुख प्रशासकीय अधिकृत

साउदीमा वैदेशिक रोजगार
कम्पनीः DHAWA STATIONARY STORE
शहरः AL Ahsa
